# कास्की रेडक्रस

जि.प्र.का.द.नं. १३/०५२/०५३ हु.द.नं. ०३/०६०/०६१ **समाचार बुलेटिन**

वर्ष ३१ अङ्क १ २०८२ असार July 2025


# रेडक्रस कास्कीको वार्षिक साधारण सभा तथा अधिवेशन



नेपाल रेडक्रस सोसाइटी कास्कीले संस्थाको कार्यक्रम तथा सेवा प्रवाहलाई नियमित र दिगो बनाउन २ करोड १३ लाख रुपैयाँको संस्थागत कोष खडा गरेको छ ।

प्राकृतिक प्रकोप, दुर्घटना र विपत्‌बाट प्रभावितहरुको राहत तथा उद्धारको लागि ३० लाख रुपैयाँको विपत् राहत कोष खडा गरेको रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेलले जानकारी दिए । सभापति पौडेलले १ करोड ५० लाखको कर्मचारी उपदान कोष स्थापना गरेको बताए। रेडक्रस कास्कीको ४१ औं वार्षिक साधारण सभा तथा कास्की जिल्ला सभाको १७ औं अधिवेशनमा कोषाध्यक्ष सन्तोष अधिकारीले १८ लाखको असहाय रक्त सहायता कोष, १० लाखको आकस्मिक उपचार कोष र ५ लाखको जुनियर अक्षय कोष स्थापना गरेको उल्लेख गरे ।

रेडक्रसका मन्त्री सुरेन्द्र गुरुङले विपद् व्यवस्थापनका लागि शाखा तथा शाखा अन्तर्गतका सञ्जाल मार्फत पूर्व तयारी, विपद् न्यूनिकरण, विपद् प्रतिकार्य, राहत तथा उद्धारको लागि पूर्व तयारी अवस्थामा राखेको जानकारी दिए । उनले शाखाबाट राहत सामग्री १ सय परिवारलाई तत्काल सहयोग गर्ने गरी तयारी अवस्थामा राखिएको बताए । '३०लाख पूर्व तयारी स्वरुप मुद्दती खातामा राखिएको छ,'मन्त्री गुरुङले भने, 'रेडक्रसका १३ उपशाखाहरुले क्षमता अनुसार १० हजारदेखि १० लाखसम्मको विपद् व्यवस्थापन कोष बनाएर महत्वपूर्ण काम गरेका छन् ।' कास्कीमा हरेक वर्ष बाढी पैरो आगलागी, सवारी दुर्घटना, चट्याङ हावाहुरी लगायतका विपद्का घटनाले मानवीय र भौतिक क्षति भएको जानकारी दिदै मन्त्री गुरुङले विपद् जोखिम न्यूनीकरण सचेतना अभिवृद्धि, विपद्को पूर्व तयारी, योजना निर्माण र कार्यान्वयनमा रेडक्रसले ध्यान दिएको बताए। उनले भवन निर्माण सुरुवात गरेका उपशाखालाई १ लाखको दरले सहयोग गरेको जानकारी दिए । उनले पोखरा महानगर लगायतका दातृ निकायको सहयोग तथा आन्तरिक स्रोतबाट गोदाम घर तथा विपद् सिकाई केन्द्रको निर्माण कार्य सुरुवात भएको बताए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका पूर्व उपमन्त्री रजनी कोइरालालाई वर्ष स्वयं सेवा सम्मान प्रदान गरिएको छ । प्राथमिक उपचार स्वयं सेवक तथा उत्कृष्ट प्रशिक्षक शिरिषा ढकाल, उत्कृष्ट कर्मचारी शिवराम कार्की, जुनियर तथा युवा

**बाँकी पृष्ठ २ मा**

# कास्की रेडक्रसमा उर्मिलाको नेतृत्व

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको ४१ औं वार्षिक साधारण सभा तथा कास्की जिल्ला सभाको १७ औं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट सभापतिमा उर्मिला खड्का भण्डारी निर्वाचित भएको छन् । उर्मिला रेडक्रस कास्कीको इतिहासमै पहिलो पटक महिला सभापति निर्वाचित भएकी हुन् ।

यसअघि १५ जना जिल्ला सभापति निर्वाचित हुँदा महिलाले नेतृत्व गर्ने अवसर प्राप्त गर्न सकेका थिएनन् । २०५४ सालमा रेडक्रसको पोखरा-१७ उपशाखा सदस्य बनेकी उर्मिला सोही शाखाको ५ कार्यकाल कोषाध्यक्ष बनेकी थिइन् । त्यसपछि जिल्ला शाखाको सदस्य, २ कार्यकाल उपमन्त्री हुँदै यसअघि महिला उपसभापति बनेकी थिइन् ।

महिला उपसभापतिमा रमा न्यौपाने कोइराला, खुल्ला उपसभापतिमा सुरेन्द्र गुरुङ विजयी भए । रेडक्रस सोसाइटी कास्की शाखाको मन्त्रीमा सन्तोष अधिकारी विजयी भए । कोषाध्यक्षमा मोहनसिंह खड्का र उपमन्त्रीमा डिल्लीराम बराल विजयी भएका छन् । उपकोषाध्यक्षमा कालिदास सापकोटा निर्वाचित भएका छन् ।

कार्यसमितिको खुल्ला सदस्यमा कमलप्रसाद पौडेल, खगेन्द्रराज पराजुली, नवराज पौडेल, महेश्वर दवाडी, सुवास अधिकारी, सूर्यप्रसाद तिमिल्सिना 'पालुवा' श्रीकान्त पौडेल निर्वाचित भएका छन् । महिला सदस्यमा पार्वती थापा कार्की, भगवती गुरुङ र बबिता सुवेदी निर्वाचित भएका छन् । कास्कीमा रेडक्रसको ४८ वटा उपशाखाबाट निर्वाचित २ सय ६४ जना सभासदले अधिवेशनमा भाग लिएको निर्वाचन समितिका संयोजक कमलप्रसाद अर्यालले जानकारी दिए ।

## सम्पादकीय

# रेडक्रसको रक्त सञ्चार सेवा

नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार सेवाको ६० औं स्थापना दिवस विविध कार्यक्रम गरी मनाइएको छ । रेडक्रस सोसाइटी स्थापना भएको तीन वर्षपछि विसं २०२३ सालको साउन १२ गते वीर अस्पतालमा प्याथोलोजी विभागमार्फत संस्थामा आधारित रक्तसञ्चार सेवा उपलब्ध गराउन थालिएको हो । लक्ष्मी ब्लड बैंक नामक सो ब्लड बैंकमा पहिलो वर्ष १३७ युनिट रगत संकलन भएको थियो । नेपालका पहिला रक्तदाता दयावीर कंसाकार हुन् ।

रेडक्रसले गर्ने विविध मानवीय कार्यहरूमध्ये मानव जीवनसँग प्रत्यक्ष एवं अत्यावश्यक सेवाको रूपमा रक्तसञ्चार सेवा प्रदान गर्दै आएको छ । समयक्रमसँगै २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४८ साल चैत २४ गतेदेखि नेपाल सरकारले रगत र रगतजन्य पदार्थको संकलन, भण्डारण र वितरणको जिम्मा नेपाल रेडक्रस सोसाइटीलाई दिएको छ । सीमित स्रोत र साधनका बाबजुद १ केन्द्रीय, ५ प्रादेशिक, जिल्ला, अस्पताल इकाई र आकस्मिक रक्तसञ्चार गरेर अहिले नेपालमा १२० भन्दा बढी स्थानबाट वार्षिक ५ लाखभन्दा बढी युनिट रगत संकलन र वितरण सेवा भइरहेको छ । विश्व रक्तसञ्चार सेवाको इतिहास झन्डै ४ सय वर्ष पुरानो छ । नेपाल रेडक्रस सोसाइटी कास्कीले रक्तसञ्चार सेवाको आवश्यकता महसुस गरी वि.सं. २०३५ सालबाट सुरुवात गरेको रक्तसञ्चार सेवालाई समयानुकूल बनाउन प्रयत्न हुँदै आएको छ । बिरामीले उपयोगमा लिने रगतको स्तरीयतालाई ध्यान दिने गरिएको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको परिसर रामघाटमा रहेको रक्तसञ्चार सेवालाई स्तरोन्नति गरी प्रादेशिक तहको रक्तसञ्चार सेवाको रूपमा विकास गरिएको छ । अत्याधुनिक प्रादेशिक रक्तसञ्चार सेवा (ब्लड बैंक) सहितको बहुउद्देश्यीय भवन अपांगमैत्री लिफ्टसहितको छ । ब्लड बैंकको मूल भवनबाट प्रदेश स्तरको रक्तसञ्चार सेवा प्रदान गरिएको छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल, मणिपाल शिक्षण अस्पताल, गण्डकी मेडिकल कलेज लगायतका सेवा केन्द्रबाट रक्तसञ्चार सेवाको काम भइरहेको छ ।

प्रदेश स्तरको भएकाले ११ जिल्लामध्ये मनाङबाहेकका सबै जिल्लामा पुगेर रक्त संकलनको काम भएको छ । सुरुमा १६९ युनिट रगत संकलन र वितरण गरी सेवा दिएकोमा अहिले रगतको माग बढ्दै जाँदा वर्षमा ४१ हजार युनिटसम्म रगत संकलन र वितरण गर्नुपर्ने परिस्थिति सिर्जना भएको छ ।

विश्व स्वास्थ्य संगठनको मान्यताअनुसार रगत अभाव हुन नदिन मुलुकको कुल जनसंख्याको बढीमा २ प्रतिशतले प्रत्येक वर्ष रक्तदान गर्नुपर्छ । जनसंख्याको २ प्रतिशतले रक्तदान गर्ने हो भने कहिल्यै रगतको अभाव हुँदैन । पोखरा काठमाडौं चितवनको तुलनामा तराईमा रगत संकलन निकै कमी भएकोले त्यतातर्फ कार्यक्रम केन्द्रित गर्नु पर्ने देखिन्छ ।

विश्वमा विज्ञानले धेरै खाले खोज अनुसन्धान गरेको भएतापनि कृत्रिम रुपमा रगत बनाउने सूत्र फेला परेको छैन । मानव रगत प्रयोगशालामा नबन्ने भएकाले दाताले दान गरेको रगतले कसैको जीवन रक्षा गर्न सकिन्छ । त्यसैले ‘रक्तदान जीवनदान र जीवनदान महादान’ भन्ने गरिएको हो ।

रगतको मागअनुसारको आपूर्ति व्यवस्थाका लागि प्रभावकारी ढंगबाट सञ्चालन हुने गरेका उत्प्रेरणा कार्यक्रमले मद्दत पुर्‍याइरहेका छन् । यही कारण अहिले ६ सयभन्दा बढी संघ, संस्थाले स्वत:स्फूर्त रूपले नियमित रक्तदान गर्ने गर्दछन् । आकस्मिक रक्तदान युनिट र नेपाल स्वयंसेवी रक्तदाता समाज कास्की, दुर्लभ रक्तदाता समूह लगायत रक्तदाता संस्थाको पनि रगत संकलनमा विशेष सहयोग प्राप्त भएको छ । बाढी, पहिरो लगायत विपद्जन्य प्रकोप, सवारी दुर्घटना, अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अप्रेसन लगायतका कारणले पहिलेको तुलनामा अहिले रगतको माग बढेको छ । अस्पतालहरूबाट रगत माग भइआएको अवस्थामा ’रगत छैन’ भन्ने अवस्थाको अहिले अन्त्य भएको छ ।

रेडक्रस कास्कीले सुरुवातमा ब्लड बैंकले ज्येष्ठ नागरिक, असहाय, विपन्नलाई रक्तजन्य सेवा शुल्क छुट दिँदै आएको थियो । कास्की शाखाकै पहलमा आर्थिक वर्ष २०७८/०७९ देखि गण्डकी प्रदेश सरकारले आफ्नो प्रदेश भित्र रगत तथा रक्ततत्व निशुल्क गर्ने घोषणा गरेको छ । जस अनुसार २०७८ फागुन १ गतेबाट कार्यान्वयन ल्याएको छ । रगत संकलन, बिरामीसम्म सुरक्षित प्रदानको लागि विभिन्न परीक्षणहरु गर्ने, रगतको आवश्यक चिस्यानको व्यवस्थापन, फ्रिजहरु कोल्ड रुमहरुको व्यवस्थापन, बत्ती/पानीको व्यवस्थापन, ब्लड ब्याग खरिद, विभिन्न कीट परीक्षण र रियजेन्टहरु खरिद गरी समय सापेक्ष गुणस्तर व्यवस्थापन गर्नु निकै खर्चिलो थियो । सरकारी निकायको समन्वय र सहकार्यले रक्त सञ्चार सेवालाई केही हदसम्म सहज र प्रभावकारी बनाउन सहयोग पुगेको छ ।

५९ औं रक्तसञ्चार सेवा दिवसको सन्दर्भ पारेर १२ साउन २०८१ देखि प्रारम्भिक रूपमा सञ्चालन गरिएको प्रादेशिक रक्त सञ्चार सेवाबाट मंसिर १ गतेदेखि २४ सै घण्टा सेवा दिन थालिएको छ । यो सेवा नागरिकलाई अत्याधुनिक सुविधा र गुणस्तरीय सेवाहरू उपलब्ध गराउने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको हो । यस सेवाको माध्यमबाट रगत संकलन, परीक्षण र आपूर्ति कार्यलाई प्रभावकारी र समयमै पूरा गर्न सकिने अपेक्षा गरिएको छ ।

नयाँ सेवा सुविधाले पोखरा र आसपासका क्षेत्रका नागरिकहरूको स्वास्थ्य सेवामा गुणस्तरीय सुधार ल्याउने आशा गरिएको छ । साथै, रक्तदाताका लागि सुरक्षित र विश्वसनीय सेवा प्रदान गर्दै समुदायका लागि महत्त्वपूर्ण स्वास्थ्य सेवा अवलम्बन गरिने विश्वास गर्न सकिन्छ । त्यति मात्र नभएर ब्लड बैंकको रगत र रक्ततत्त्वको उपलब्ध स्टक वेबसाइटमा हेर्ने व्यवस्था मिलाइएको छ । वेबसाइट हेरेपछि कुन समूहको कुन कम्पोनेन्ट के कति स्टक छ, थाहा हुन्छ । स्टकको आधारमा रगतको आवश्यकता पर्नेले माग गर्न सक्नेछन् । ब्लड बैंकमा स्टक कमी भएको रगतलाई दाताहरूलाई खबर गरेर समयमै संकलन गर्न सकिने व्यवस्था मिलाइएको छ ।

रेडक्रस कास्कीले आगामी दिनमा रक्तसञ्चार सेवामार्फत् आपत्कालीन अवस्थामा रगतको आपूर्ति र रगतजन्य पदार्थहरूको वितरणमा थप प्रभावकारिता र क्षमता थप्ने लक्ष्य राखेको छ । रेडक्रसकर्मी, सबै स्वयंसेवी रक्तदाता, दातृ निकाय र सरोकारवाला निकायको समन्वय र सहकार्यमा लक्ष्यलाई पूरा गर्न सकिन्छ ।


| | | |
|---|---|---|
| सल्लाहकार | : | उर्मिला खड्का भण्डारी<br>सन्तोष अधिकारी |
| सम्पादक मण्डल | : | सुवास अधिकारी<br>कृष्णप्रसाद पौडेल<br>श्याम कुँवर<br>राजाराम पौडेल<br>विन्दु भण्डारी<br>कृष्णप्रसाद कोइराला<br>गणेशप्रसाद कोइराला |
| मुद्रण | : | न्यू सृजना छापाखाना<br>०६१-५७३३२९ |


**रेडक्रसबारे लेखरचना वा जिज्ञासाको अपेक्षा गर्दछौं।**

# रेडक्रस कास्कीमा १२ हजार स्वयं सेवक

नेपाल रेडक्रस सोसाइटी कास्की अन्तर्गतका विषयगत समितिका सदस्यहरुबीच शुक्रबार परिचयात्मक कार्यक्रम भएको छ। कार्यक्रममा रेडक्रस कास्कीको तर्फबाट १० वटा विषयगत समितिका सदस्यलाई खादा लगाएर स्वागत समेत् गरिएको छ । कार्यक्रममा रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीले रेडक्रस कास्कीले पेशागत दक्षता र विज्ञता भएका व्यक्तिलाई विषयगत समितिमा रखेर कार्यक्षेत्रलाई व्यापक बनाएको जानकारी दिइन् । उनले १५ हजार आजीवन सदस्य र स्वयंसेवक रेडक्रस कास्कीमा कार्यरत रहेको बताइन् । उनले रेडक्रस कास्कीले आपत तथा विपद्को अवस्थामा १ सय र उपशाखाले १० परिवारलाई राहत दिन सक्ने उल्लेख गरिन् ।

रेडक्रस सोसाइटी कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेलले २० जनाको कार्यसमितिले विधान अनुसारको सबै काम अगाडि बढाउन नसक्ने जानकारी दिए । विषयगत समिति बनाएर सबै कामलाई समुदाय स्तरमा पुर्‍याउने उल्लेख गदै उनले समितिले सबै मानवीय काम गतिविधिलाई सुदृढ र व्यवस्थित गर्ने चर्चा गरे ।

रेडक्रस कास्कीका उपसभापति रमा कोइराला न्यौपानेले दोश्रो पूर्ण बैठकले १० विषयगत समितिको सदस्यमा मनोनित गरेको जानकारी दिइन् । रेडक्रस कास्कीमा मन्त्री सन्तोष अधिकारीले विषयगत समिातिको काम कर्तव्य र अधिकार बारेमा जानकारी दिए । ‘रेडक्रस कास्कीले विषयगत समिति अन्तर्गत पहिलो पटक जनशक्ति विकास तथा स्वयं सेवक परिचालन समिति बनाएको छ,’उनले भने, ‘कास्कीमा १२ हजार स्वयं सेवक छन् । सबै स्वयं सेवकको अभिलेखलाई व्यवस्थित गरी परिचालन गने योजना छ ।’ उनले साधन स्रोतको कमी भएको उपशाखालाई सहयोग गर्न उपशाखा हातेमालो कार्यक्रम सञ्चालन गरेको बताए । साथै यो वर्ष तीन उपशाखालाई भवन निर्माणको लागि सहयोग गर्ने पनि जनाए ।

रेडक्रस कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्काले रेडक्रस अभियानको बारेमा सहजीकरण गरे ।

कार्यक्रममा रेडक्रस कास्कीका कार्यसमितिका सदस्य सुवास अधिकारी, कार्यालय प्रमुख कृष्णप्रसाद कोइरालाले आर्थिक वर्ष २०८२/०८३मा विषयगत समितिले सम्पादन गर्ने कामको बारेमा प्रकाश पारेका थिए ।

# रेडक्रस कास्कीको पदस्थापना



नेपाल रेडक्रस सोसाइटी कास्कीको १७ औं जिल्ला सभाको अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको मंगलबार पदस्थापना गरिएको छ । कार्यक्रममा नवनिर्वाचित सभापति उर्मिला खड्का भण्डारी लगायतका पदाधिकारीलाई रेडक्रस सोसाइटीका केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डे, गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकाल र रेडक्रस कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेलले पदस्थापना गराए । सभापति खड्काले कार्यसमितिका सदस्यलाई कलम र डायरी प्रदान गरी पदस्थापना गराइन् ।

रेडक्रस सोसाइटी कास्कीमा कार्यरत कर्मचारीले निर्वाचित पदाधिकारी तथा कार्यसमितिको बधाई तथा सम्मान कार्यक्रम गरे । कार्यक्रममा कर्मचारीहरुले निवर्तमान सभापति शर्मालाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरे । रेडक्रस सोसाइटीका केन्द्रीय उपकोषाध्यक्ष पाण्डेले अधिवेशनपछि संस्थाले नयाँ जीवन पाउने टिप्पणी गरे । निर्वाचनपछि सबैको ठुलो अपेक्षा हुने चर्चा गर्दै उनले नयाँ मार्ग पहिल्याएर सामूहिक र संस्थागत रुपमा अगाडि बढ्ने कार्यसमितिको प्रतिवद्धता आवश्यक पर्ने बताए ।

उनले निर्वाचन उम्मेद्वारबीचको प्रतिस्पर्धाको खेल भएको बताए । चुनावी प्रतिस्पर्धामा योग्य र क्षमतावान केहि व्यक्ति बाहिरिएको जानकारी दिदै उनले चुनावी अभियनमा बाहिर परेका व्यक्तिको योग्यता र क्षमताको कदर गरे संस्थालाई फाइदा हुने सुझाव दिए । रेडक्रस इमान र निष्ठाको प्रतीक भएको उल्लेख गर्दै उनले रेडक्रसको नीति विधि र सिद्धान्तलाई जनस्तरमा पुर्‍याउन सके उत्कृष्ट र समुन्नत समाज निर्माणमा सहयोग पुग्ने दाबी गरे । रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष ढकालले स्वयंसेवक र कर्मचारीको महत्वपूर्ण योगदानको कारण कास्की शाखा देशकै नमुना शाखा बनेको दाबी गरे । यो निर्वाचनले कास्की रेडक्रसमा नयाँ आयाम थपेको उल्लेख गर्दै उनले पहिलो महिला सभापति बनेको कास्की रेडक्रसले नमुना काम गर्नु पर्ने सुझाव दिए ।

रेडक्रस कास्कीमा सभापति खड्काले ६० वर्षको इतिहासमा सबैको साथ सहयोगले कास्की रेडक्रसले पहिलो पटक महिला सभापति पाउँदा गर्वको महसुस गरेको टिप्पणी गरिन् । १६ वर्ष जिल्लामा काम गरेको अनुभवले परिपक्वताको महसुस गरेको जानकारी दिदै उनले सबै खालका चुनौती आउँदा समेत दृढतापूर्वक उभिएको कारण अन्तिममा विजय प्राप्त गरेको चर्चा गरिन् । उनले आफ्नो कार्यकालमा श्रोत उपलब्ध भए एम्बुलेन्स सेवालाई निशुल्क गने योजना सुनाइन् ।

रेडक्रस कास्कीका निवर्तमान सभापति शर्माले ३१ वर्ष रेडक्रसमा सक्रिय योगदान गरेको बताए । आफ्नो कार्यकालमा सहयोग गर्ने स्वयंसेवक र कर्मचारी प्रति आभार प्रकट गर्दै उनले उचाईमा पुगेको रेडक्रसको प्रतिष्ठालाई जोगाई राख्न सुझाव दिए । नेपाल रेडक्रस सोसाइटी कास्कीका कार्यालय प्रमुख कृष्णप्रसाद कोइरालाले रेडक्रस बुझेको कार्यसमिति आएकोले रेडक्रस अभियान सशक्त बन्ने विश्वास व्यक्त गरे । कार्यसमिति र कर्मचारीबीच नङ र मासुको जस्तै सम्बन्ध हुने उल्लेख गर्दै उनले वार्षिक कार्यक्रमलाई कार्यान्वयनमा ध्यान दिने बताए । उनले कर्मचारीको हौसला बढाए प्रभावकारी काम हुने उल्लेख गरे ।

रेडक्रस कास्कीका लेखा प्रमुख गणेश कोइरालाले नयाँ कार्यसमितिले गरेको नीतिगत निर्णयलाई कर्मचारीले इमान्दारीका साथ कार्यान्वयन गने बताए । 'मानवतालाई जीवित राखौं' भन्ने नाराका साथ कार्यक्रम भएको हो ।

# रेडक्रस....

सर्कल छोरेपाटन माविलाई सम्मान गरिएको छ ।

कास्कीका ४८ उपशाखा मध्ये सर्वोत्कृष्ट प्रथम पोखरा १२ उपशाखा, द्वितीय पोखरा २ र ३ उपशाखा, तृतीय पोखरा १९ र २५ उपशाखा र सान्त्वना पोखरा ५ र १० उपशाखालाई नगद सहित पुरस्कृत गरिएको छ । लैंगिक गतिविधिमा उत्कृष्ट पोखरा १०उपशाखाका सभापति जीवन श्रेष्ठलाई सम्मान गरिएको छ ।

कार्यक्रममा यशस्कर सदस्यता लिने डण्डराज शर्मा पौडेल, विशिष्ट सदस्यता लिने सन्तोष अधिकारी, पार्वती कार्की, बबिता सुवेदी, भगवती गुरुङ, ताराकुमारी अधिकारी, गणेशबहादुर थापा र रमनकुमार बस्नेतलाई सम्मान गरिएको छ ।

उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा रत्नबहादुर बाग्चन्दले उद्घाटन गरेको कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, गैसस महासंघ नेपाल कास्कीका अध्यक्ष इन्दिरा पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका कार्यवाहक अध्यक्ष माधव रेग्मी, सिर्जना विकास केन्द्रका अध्यक्ष विष्णुप्रसाद बराल, नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकाल, कास्कीका पूर्व सभापति रघुनाथ अधिकारी, कास्की शाखाका उपसभापतिहरु धर्मराज अधिकारी, उर्मिला खड्का, शाखाका मन्त्री सुरेन्द्र गुरुङ, उपमन्त्री रमा न्यौपाने कोइराला, पोखरा १२ उपशाखाका सभापति इन्दिरा पन्त, पोखरा २९ र ३०उपशाखाका सभापति विश्वमोहन पौडेल लगायतले रेडक्रसले मानवीय सेवाको क्षेत्रमा गरेका कामको चर्चा गरेका थिए ।

'मनै देखि सेवा' भन्ने नाराका साथ भएको ४१ वार्षिक साधारण सभाले शाखाका मन्त्री सुरेन्द्र गुरुङले पेश गरेको आर्थिक वर्ष २०८१ /०८१को वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८२/०८३को प्रस्तावित कार्यक्रम, कोषाध्यक्ष सन्तोष अधिकारीले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/०८१को आर्थिक प्रतिवेदन र आर्थिक वर्ष २०८२ /०८३को प्रस्तावित बजेटलाई सुधार सहित पारित गरेको छ । सभामा लेखा समितिका संयोजक कृष्णराज ढुंगानाले लेखा समितिको प्रतिवेन पेश गरेका थिए ।

# रेडक्रस कास्कीको विपद् सिकाई सहितको गोदामघर



नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको कार्यालय परिसरमा विपद् सिकाई केन्द्र सहितको व्यवस्थित गोदाम घरको निर्माण कार्य सुरुवात भएको छ ।

पोखरा महानगर पालिका लगायत अन्य दातृ निकाय र आन्तरिक श्रोतमा विपद् सिकाई केन्द्र सहित गोदाम घरको निर्माण प्रक्रिया अगाडि बढाइएको हो । पोखरा महानगरपालिका वडा नम्बर ८का अध्यक्ष रुद्रनाथ बरालले गोदाम घरको शिलन्यास गरे ।

करिब ८५ लाखको लागतमा २ तले गोदाम घर बनाउन लागेको हो । गोदाम घरको लागि पोखरा महानगरपालिकाले २० लाख बजेट विनियोजन गरेको छ । निर्माण कम्पनी एसबी कन्ट्रक्सन पोखरा १५ले भवन निर्माणको जिम्मेवारी पाएको छ । काम सुरु भएको २ सय दिनमा भवन सम्पन्न गर्ने योजना छ । तल्लो तला घोदामको लागि हल र माथिल्लो तलामा ४ कोठा हुने रेडक्रस कास्कीका उपकोषाध्यक्ष तथा भवन निर्माण समितिका संयोजक कालीदास सापकोटाले जानकारी दिए ।

वडा अध्यक्ष बरालले विपद् व्यवस्थापनको क्षेत्रमा रेडक्रसले नमुना काम गरेको बताए । विपद् पछिको राहत तथा उद्धारको क्षेत्रको कामले रेडक्रसलाई चिनाएको उल्लेख गर्दै उनले रक्त तत्वको संकलन, भण्डारण र वितरणको काम गर्ने संस्था रेडक्रस मानवीय सेवाको क्षेत्रको अग्रणी संस्था भएको जनाए । गोदाम घर निर्माणको लागि सहयोग जुटाउन धेरै क्षेत्रमा लविङ गरेको चर्चा गर्दै उनले सबै काम वडा कार्यालयको सिफारिसमा गर्न आग्रह गरे ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्काले प्राकृतिक प्रकोप, दुर्घटना र विपत्बाट प्रभावितहरुको राहत तथा उद्धारको लागि रेडक्रस कास्कीले विपत् राहत कोष खडा गरेको भएता पनि गोदाम घर नहुँदा काम गर्न कठिनाई भएको जानकारी दिइन् । विपद् व्यवस्थापनका लागि शाखा अन्तर्गतका सञ्जाल मार्फत् पूर्व तयारी, न्यूनीकरण, विपद् प्रतिकार्य, राहत तथा उद्धारको काम भएको जानकारी दिदै उनले रेडक्रस कास्कीले १ सय घर परिवारलाई तत्कालै राहत दिन सक्ने बताइन् ।

कार्यक्रममा रेडक्रस कास्कीका उपसभापति रमा कोइराला न्यौपानेले जिल्ला विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापनको क्षेत्रलाई १० क्लष्टरमा विभाजन गरेर काम गर्ने जनाइन् । उनले १० क्लष्टर मध्ये रेडक्रसले अस्थायी आवास तथा गैर खाद्य सामग्री व्यवस्थापनको क्षेत्रमा काम गर्ने उल्लेख गरिन् ।

रेडक्रसका कास्की शाखाका मन्त्री सन्तोष अधिकारीले विपद् व्यवस्थापन चक्रका सबै चरण, विपद् पूर्व तयारी, प्रभावितहरुलाई सहयोग तथा मानवीय सेवा उपलब्ध गराउन उपशाखाहरुले समेत् विपद् राहत कोषको व्यवस्था गरेको जानकारी दिए । पोखरा महानगरको २० लाख बाहेक गोदाम घरको लागि आफ्नै श्रोत सुनिश्चित बन्न नसकेको जानकारी दिदै उनले भवनको लागि संघ प्रदेश र दातृ निकायसँग समन्वय गरेको बताए । उनले पोखरा महानगरपालिका ८ नम्बर वडा कार्यालयले विगतमा प्रादेशिक रक्त सञ्चार सेवाको लागि ८ लाख बराबरको ४ थान अत्याधुनिक रक्तदाता कुर्ची (ब्लड डोनर चियर) प्रदान गरेको जानकारी दिए ।

# रेडक्रसको विपद् प्रतिकार्य समूह गठन

नेपाल रेडक्रस सोसाइटी कास्कीले विपद्को पूर्व तयारी, तथा पुनर्लाभको गतिविधि अन्तर्गत निरन्तर रुपमा स्वयं सेवक परिचालन गरी संकटासन्न समुदायको लागि सहयोग गर्न विपद् प्रतिकार्य समूह गठन गरेको छ । आपतकालीन प्रतिकार्य योजना अनुसार कास्की जिल्ला भित्र विपद्को अवस्थामा द्रुत सेवा प्रदान गर्नको लागि समूह गठन गरी परिचालन गर्ने उद्देश्य राखिएको हो ।

रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीको संयोजकत्वमा १२ सदस्यीय जिल्ला स्तरीय परिचालन समिति र पालिका स्तरको समिति गठन गरिएको हो । जिल्ला स्तरीय परिचालन समितिमा विषयगत समितिका संयोजक सदस्य छन् । समितिको सदस्यमा स्वास्थ्य समितिका संयोजक डण्डराज शर्मा, लैंगिक तथा सामाजिक समावेशीकरण समितिका संयोजक रमा कोइराला न्यौपाने, संगठन विकास समितिका संयोजक सन्तोष अधिकारी र विपद् व्यवस्थापन समितिका संयोजक मोहनसिंह खड्का रहेका छन् ।

समितिको सदस्यमा सामुदायिक विकास समितिका संयोजक कालिदास सापकोटा, जुनियर तथा युवा सर्कल समितिका संयोजक डिल्लीराम बराल, आर्थिक तथा श्रोत परिचालन समितिका संयोजक कमलप्रसाद पौडेल, सञ्चार तथा मानवीय मूल्य प्रवर्द्धन समितिका संयोजक सुवास अधिकारी, प्राथमिक उपचार समितिका संयोजक बविता सुवेदी, जनशक्ति तथा स्वयंसेवक परिचालन समितिका संयोजक पार्वती कार्की र कार्यालय प्रमुख कृष्णप्रसाद कोइराला छन् ।

त्यस्तै रेडक्रस कास्कीले टोली नेता तथा सदस्य तोकेर पालिका स्तरको समिति बनाएको छ । साविक पोखरा महानगरको टोली नेतामा डिल्लीराम बराल, साविक लेखनाथको पोखरा महानगरको टोली नेतामा सन्तोष अधिकारी, मादी गाउँपालिकाको टोली नेतामा कालिदास सापकोटा, रुपा गाउँपालिकाको टोली नेतामा मोहनसिंह खड्का, माछापुच्छ्रे गाउँपालिकाको टोली नेतामा श्रीकान्त पौडेल र अन्नपूर्ण गाउँपालिकाको टोली नेतामा नवराज भण्डारी रहेका छन् । रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले प्रतिकार्य समूहले उपशाखाको समन्वय र सहकार्यमा काम गर्ने जानकारी दिइन् । उपशाखा सक्रिय र सक्षम भए जिल्लालाई काम गर्न सहज हुने उल्लेख गर्दै उनले उपशाखामा विपद् व्यवस्थापनको अत्यधिक तालिम भएको बताइन् ।

कार्यक्रममा रेडक्रस सोसाइटी कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेल, मन्त्री सन्तोष अधिकारी, कोषाध्यक्ष मोहनसिंह खड्का, जिल्ला कार्यसमितिका सदस्य भगवती गुरुङ, केन्द्रीय गोदाम घरका प्रमुख लक्ष्मण कोइराला, रेडक्रस सोसाइटी कास्कीका पूर्व कार्यालय प्रमुख खेमराज सापकोटा लगायतले बोलेका थिए ।

# रेडक्रसको जिल्ला स्तरीय संरक्षक गोष्ठी सम्पन्न



नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाले शुक्रबार जुनियर तथा युवा समितिको २८ औं संरक्षक (प्रधानाध्यापक) गोष्ठी गरेको छ । जुनियर रेडक्रस सर्कल छोरेपाटन मावि पोखरा को आतिथ्यता तथा व्यवस्थापन भएको गोष्ठीमा ६५ जुनियर सर्कलका संरक्षकको सहभागिता रहेको थियो ।

गोष्ठीमा रेडक्रस कास्कीका उपमन्त्री तथा जुनियर तथा युवा सर्कलका संयोजक डिल्लीराम बरालले आगामी वर्षको कार्यक्रमहरुको माग र बाँडफाँड सम्बन्धमा, रेडक्रस कास्कीका तालिम संयोजक नवराज भण्डारीले जुनियर सर्कलको अनिवार्य दायित्व, जुनियर युवा निदेशिकामा भएका परिवर्तन एवं नीति सम्बन्धमा र सर्कलका गतिविधिमा संरक्षकको भूमिका र ब्रम्हकुमारी अप्सराले नेतृत्व सीप तथा मूल्य शिक्षाको महत्व विषयमा सहजीकरण गरे । 'मानवताको पक्षमा' भन्ने नाराका साथ भएको गोष्ठीका प्रमुख अतिथि गण्डकी प्रदेशका प्रमुख डिल्लीराम भट्टले उद्घाटन गरे ।

उनले रेडक्रसको गतिविधि मानवीय र सेवाभावसँग जोडिने बताए । स्वयंसेवी कार्यकर्ता उत्पादन, सामाजिक भावको विकास र विपद्को वेलामा पहिलो सम्झने संस्था रेडक्रस भएको चर्चा गरे । उनले रेडक्रसले सबै काम राज्यका निकायसँगको सहकार्यमा गरेको खण्डमा बढी प्रभावकारी हुने उल्लेख गरे ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डेले रेडक्रसले जुनियर तथा युवा सर्कल मार्फत युवा विद्यार्थीलाई असल आचरण गर्न सिकाउने जानकारी दिए । उनले बाल बालिकालाई असल भावना र सहयोगी बनाउन सके समाज रुपान्तरणमा सहयोग पुग्ने बताए । शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले रेडक्रस अभियानले विद्यालयदेखि असल संस्कार र सेवाको भावना सिकाउने प्रयास गरेको चर्चा गरे ।

नेपाल रेडक्रस सोसाइटी कास्कीमा सभापति उर्मिला खड्काले जुनियर तथा युवा सर्कलको गतिविधि रेडक्रस अभियानको महत्वपूर्ण पक्ष भएको जानकारी दिइन् ।

रेडक्रस कास्कीका मन्त्री सन्तोष अधिकारीले विद्यालयका प्रधानाध्यापकले जुनियर सर्कलको संरक्षकको हिसाबले तल्लो तहबाट मानवीय सेवाको काम गरेको उल्लेख गरे । उनले २७ औं संरक्षक गोष्ठीले निर्धारण गरेका सबै काम सम्पन्न गरेको जानकारी दिए र रेडक्रस कास्कीका उपमन्त्री बरालले २८ औं संरक्षक गोष्ठीले १९ वटा कार्यक्रम तय गरेको बताए । उनले गोष्ठीबाट पारित सबै कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा पोखरा १७का वडा अध्यक्ष राधिका शाही योगी, नेपाल रेडक्रस सोसाइटी कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेल, छोरेपाटन माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बद्रीनाथ पहारी, विद्यालयका प्रधानाध्यापक डिल्लीराज शर्मा, जुनियर तथा युवा समिति गण्डकीका सदस्य रमेशराज भण्डारी, शिक्षक अभिभावक संघका अध्यक्ष इन्द्रमान खत्री,सर्कलका अध्यक्ष सुवास सुवेदी,सचिव अनुष्का ढकाल, ओ आइ पब्लिकेशन प्रालिका प्रतिनिधि अन्जना श्रेष्ठ लगायतले रेडक्रसका गतिविधिबारे प्रकाश पारेका थिए ।

# रक्तदानमा ५० युनिट रगत संकलन

नेपाल रेडक्रस सोसाइटी पोखरा १२ उपशाखाले शनिबार खुल्ला रक्तदान कार्यक्रम गरेको छ । मार्गदर्शन एकेडेमी पोखरा ११को व्यवस्थापनमा भएको कार्यक्रममा ५० युनिट रगत संकलन भएको छ ।

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले रक्तदान मानवको जीवन जोगाउने महान काम भएको बताए । मानिसले दान गरेको १ युनिट रगतले दुर्घटनामा परेका, उपचारको लागि रगत चाहिने वा जटिल रोगसँग जुधिरहेका व्यक्तिको जीवन जोगाउन सहयोग पुग्ने उनले उल्लेख गरे । रक्तदान कुनै साधारण काम नभएर साहसिक सहयोग र समाजप्रति जिम्मेवारीको प्रतिक भएको चर्चा गर्दै उनले रगत कुनै कारखानामा बन्ने बस्तु नभएर १ स्वास्थ्य व्यक्तिबाट अर्को व्यक्तिमा पुग्ने जीवन चक्र भएको टिप्पणी गरे ।

रेडक्रस सोसाइटी पोखरा १२का सुभापति इन्दिरा आचार्य पन्तले रक्तदान जीवन दान भएकोले नियमित रगत दान गर्दा मानव शरिर स्वस्थ हुने दाबी गरिन् । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्का, मार्गदर्शन एकेडेमीका सञ्चालक पुरन श्रेष्ठ, रेडक्रस सोसाइटी पोखरा १२ उपशाखाका निवर्तमान सभापति कुश्मराज आचार्य, उपसभापति राजकुमार अधिकारी, उपसचिव आइतराम विश्वकर्मा, सल्लाहकार सूर्यप्रसाद आचार्य, प्रकाश सेडाईं लगायतले बोलेका थिए ।

# सूचना अधिकारीको चयन

नेपाल सरकारको सूचनाको हक सम्वन्धी ऐनमा व्यवस्था भए अनुसार यस नेपाल रेडक्रस सोसाइटी, कास्की शाखाका गतिविधिहरु, कार्यक्रम र बयभसाइड अपडेट गरी जनसमुदायहरुमा रेडक्रसका गतिविधिहरुबाट सू-सूचित गराउनका लागि सूचना अधिकारीको रुपमा कास्की शाखाका लेखा अधिकृत श्री गणेशप्रसाद कोइरालालाई सुचना अधिकारीको जिम्मेवारी दिने निर्णय गरेको छ ।

**रक्तदान**
**जीवनदान**
**जीवनदान**
**महादान**

# अर्नाकोट खानेपानीको स्थलगत अनुगमन

युनिका फाउण्डेशन दि नेदरल्याण्डका नेपाल प्रतिनिधि तथा कार्यसमितिका सदस्य रमेश पौडेल, र नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारी, मन्त्री सन्तोष अधिकारी सहितको टोलीले बागलुङको निसी गाउँपालिका वडा नम्बर २ अर्नाकोट देउरालीको खानेपानी परियोजनाको स्थलगत अनुगमन गरेको छ । स्थलगत भ्रमणमा रेडक्रस कास्कीका खानेपानी तथा सरसफाई परियोजना (वास) प्रमुख कल्पना ज्ञवाली, कर्मफ्लाइट नेपालका निर्देशक प्रेम कुँवर कार्यसमितिका सदस्य अप्सरा केसीको सहभागिता रहेको थियो ।

भ्रमणटोलीले वास परियोजनाको स्थलगत अनुगमन गर्नुका साथै अर्नाकोट स्वास्थ्य चौकीमा प्रतीक्षालय कक्षको हस्तान्तरण समारोहमा समेत सहभागी भएको छ । साथै स्थानीय कृषिको सम्भावनाको समेत् अवलोकन गरेको छ ।

युनिका फाउण्डेशन दि नेदरल्याण्ड, एसडब्लुएन फाउण्डेशन, निसी खोला गाउँपालिका र रेडक्रस सोसाइटी कास्कीको व्यवस्थापनमा अर्नाकोट दे



उरालीमा खानेपानी तथा सरसफाई परियोजना सञ्चालन हुँदैछ ।

अनुगमन टोलीले धम्पुमा प्रस्तावित वितरण च्याम्बर स्थलमा पुगेर संरचनागत अवस्थाको अवलोकन गरेको छ । अनुगमनको क्रममा ग्रामीण भूभाग र हरेक किसिमले संकटासन्न समुदाय रहेको तथा खानेपानीको समेत् चरम अभाव भएको पाइएको छ । स्थानीय बासिन्दाले ग्रामीण भूभाग र स्वच्छ खानेपानीको ठूलो अभाव रहेको भ्रमण टोलीलाई अवगत गराएको छ । परियोजनाको आगामी योजनाप्रति उत्साह प्रकट गर्दै सामुदायिक स्वामित्वको भावना विकास भएको प्रतिक्रिया पनि स्थानीय बासिन्दाहरूले भ्रमणका क्रममा देखाएको थिए ।

युनिका फाउण्डेशनका राष्ट्रिय निर्देशक रमेश पौडेलबाट स्वास्थ्य चौकीमा निर्माण भएको प्रतीक्षालय कक्षको रिबन काटेर उद्घाटन भएको छ। बिरामीका लागि प्रतीक्षालय कक्ष निसीखोला गाउँपालिकाको स्वास्थ्य शाखालाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ । उक्त संरचनाबाट सेवाग्राहीको पर्खाइ सहज र व्यवस्थित हुने विश्वास गरिएको छ । कार्यक्रममा गाउँपालिकाका प्रतिनिधि, स्वास्थ्यकर्मी, स्थानीय बासिन्दा र सरोकारवाला निकाय तथा रेडक्रस कास्की शाखाका भ्रमण दलका सदस्यको समेत् सहभागिता रहेको छ ।

भ्रमणका अवसरमा टोलीले स्थानीय किसान ओम रसाइलीको निवासमा पुगेर प्रगतिशील स्याऊ खेतीको अभ्यास समेत् अवलोकन गरिएको थियो । अर्नाकोट क्षेत्रमा स्याऊ खेतीको सफल अभ्यासले दिगो कृषि तथा आर्थिक समृद्धिको सम्भावना बोकेको टोलीको निष्कर्ष छ ।

# कास्कीमा १ हजार परिवार विपद्‌बाट प्रभावित हुन सक्ने प्रक्षेपण

नेपाल रेडक्रस सोसाइटी कास्कीले मनसुनी वर्षातले चालु आर्थिक वर्षमा प्राकृतिक प्रकोप, दुर्घटना र विपद् जन्य घटनाबाट कास्कीमा १ हजार परिवार प्रभावित हुने प्रक्षेपण गरेको छ । वर्षेनी विपद्‌बाट ठुलो जनधनको क्षति हुने गरेकोमा सम्भावित प्रभावितलाई उद्धार तथा राहतको लागि आवश्यक सामाग्री व्यवस्थापन गर्न पर्ने नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्काले जानकारी दिइन् ।

रेडक्रस कास्कीको विपद् व्यवस्थापन समितिले आयोजना गरेको विपद् व्यवस्थापनको पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी कार्यक्रममा सभापति खड्काले जिल्ला विपद् व्यवस्थापन समिति, सामाजिक संघ संस्थाको सहकार्यमा प्रभावितलाई उद्धार तथा राहत सेवा कार्य गरेको बताइन् । विपद्‌मा काम गर्ने संस्था रेडक्रससँग केही नभएको उल्लेख गर्दै उनले सबैको सहयोगमा विपद् व्यवस्थापनको काम गरेको जनाइन । 'जल तथा मौसम विज्ञान विभागले यो वर्ष गर्मी बढी हुने र बढी वर्षात भएर बाढी पहिरोका घटना धेरै हुने संकेत गरेको छ,'उनले भनिन्, 'रेडक्रसले दिनहुँ जसो राहत दिन पर्छ। ठुलो मनसुन जन्य प्रकोप भएमा सहयोग उठाउन जानु पर्ने हुन्छ ।' उनले बृहत खालको मनसुन जन्य प्रकोप भएका ठुलो परिणामको राहत सामाग्री आवश्यक पर्ने जानकारी दिइन् ।

नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकालले विपद्‌को सबै काम स्थानीय सरकारको जिम्मेवारीमा पर्ने बताए । उनले रेडक्रसले विपद्‌को पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणमा प्राविधिक सहयोग गर्ने उल्लेख गरे । जलवायु परिवर्तनको असरको कारण नेपालमा १२ महिना नै विपद्‌का घटना हुन सक्ने संकेत गर्दै उनले पूर्व तयारीमा ध्यान दिए ७० देखि ८० प्रतिशत जोखिम कम गर्न सकिने दाबी गरे । उनले राज्यका नीति अनुसार नगदलाई समेत् प्राथमिकता दिनु पने जानकारी दिए ।

कार्यक्रममा रेडक्रस कास्कीका मन्त्री तथा विपद् व्यवस्थापन समितिका संयोजक सन्तोष अधिकारीले जिल्ला विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापनको क्षेत्रलाई १० क्लष्टरमा विभाजन गरेर काम गर्ने जानकारी दिए । उनले १० क्लष्टर मध्ये रेडक्रसले अस्थायी आवास तथा गैर खाद्य सामाग्री व्यवस्थापनको क्षेत्रमा काम गर्ने बताए । उनले विपत् व्यवस्थापन चक्रका सबै चरण, विपद् पूर्व तयारी, प्रभावितहरुलाई सहयोग तथा मानवीय सेवा उपलब्ध गराउन उपशाखाहरुले समेत् विपद् राहत कोषको व्यवस्था गरेको जनाए । कास्कीमा हरेक वर्ष बाढी पहिरो आगलागी, सवारी दुर्घटना, चट्याङ हावाहुरी लगायतका विपद्‌का घटनाले मानवीय र भौतिक क्षति भएको छ । विपद् जोखिम न्यूनीकरण सचेतना अभिवृद्धि, विपद्‌को पूर्व तयारी, योजना निर्माण र कार्यान्वयनमा रेडक्रसले ध्यान दिएको उनले उल्लेख गरे ।

रेडक्रस कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्काले राष्ट्रिय अन्तर्राष्ट्रिय कारणले विपद् व्यवस्थापनको लागि श्रोत जुटाउन धेरै मिहेनत गर्नु पर्ने जानकारी दिए। उनले रेडक्रस कास्कीले १ सय प्रभावितलाई सहयोग गर्न सकिने गरी राहत सामाग्री तयारी अवस्थामा राखेको बताए। उनले कास्की नदी नाला ताल तलैया, हिमतालको कारण विपद्‌का हिसाबले जोखिम जिल्लामा पर्ने उल्लेख गरे ।

रेडक्रस सोसाइटी कास्कीका विपद् व्यवस्थापन शाखाका प्रमुख नवराज भण्डारीले रेडक्रस कास्कीले विपद् व्यवस्थापनको क्षेत्रमा गरेको वार्षिक गतिविधि प्रस्तुत गरे । विपद् व्यवस्थापनको लागि ८ सय स्वयं सेवक तयार गरेको जानकारी दिदै उनले रेडक्रसले विपद् प्रभावितलाई खाद्य र गैर खाद्य सामाग्री प्रदान गर्दै आएको बताए ।

कार्यक्रममा गैर सरकारी संस्था महासंघ गण्डकी प्रदेशका उपाध्यक्ष पदमराज पहारी, कास्कीका कोषाध्यक्ष विष्णुप्रसाद बराल, इन्सेक गण्डकी प्रदेशका संयोजक शिव खकुरेल, रेडक्रस गण्डकी प्रदेशका कार्यक्रम अधिकृत एलिसा विक, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष दिनेश बाँस्तोला, पोखरा चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष उमरराज बाँस्तोला लगायतले विपद् व्यवस्थापनको लागि दक्ष जनशक्ति,यन्त्र उपकरण तथा श्रोत र साधनको अभाव रहेको बताए ।

# रेडक्रस कास्कीलाई सिद्धार्थ क्लबको सहयोग



मनसुन जन्य विपद्लाई लक्षित गरेर सिद्धार्थ क्लब पोखराले नेपाल रेडक्रस सोसाइटी कास्कीलाई विपद् राहत सामग्री प्रदान गरेको छ । विपद्बाट प्रभावितलाई प्रदान गर्न क्लबले रेडक्रस कास्कीलाई २५ थान त्रिपाल (साइज १८हर२४) हस्तान्तरण गरेको हो ।

रेडक्रस कास्कीका निवर्तमान सभापति तथा स्वास्थ्य समितिका संयोजक डण्डराज शर्मा पौडेलले संस्थागत सामाजिक उत्तरदायित्वको लागि सिद्धार्थ क्लबले देखाएको सक्रियता सराहनीय भएको बताए । उनले समग्र विपद् व्यवस्थापनको लागि गर्ने १० क्लष्टरको काम मध्ये रेडक्रसले अस्थायी आवास तथा गैरखाद्य सामग्री व्यवस्थापनको क्षेत्रमा काम गर्ने जनाए । 'विपद् तथा मानवीय सेवाको क्षेत्रमा काम गर्ने रेडक्रससँग आफ्नो श्रोत र साधन छैन,'उनले भने, 'सामाजिक संघ संस्थाबाट सहयोग जुटाएर राहत तथा उद्धारको क्षेत्रमा काम गदै आएको छ ।' उनले रेडक्रस कास्कीले यस्ता सहकार्यलाई उच्च महत्व दिने उल्लेख गर्दै प्राप्त सहयोगलाई आवश्यक समुदायसम्म छिटो र प्रभावकारी रूपमा वितरण गरिने जनाए ।

सिद्धार्थ क्लब पोखराका अध्यक्ष देवेन पराजुलीले रेडक्रस कास्की मार्फत् बाढी पहिरोबाट प्रभावितलाई राहत सामग्री प्रदान गर्न पाउँदा सन्तोष लागेको बताए । उनले आगामी दिनमा समेत् मानव कल्याणको काममा क्लबले सक्रियतापूर्वक काम गर्ने जानकारी दिए । सामुदायिक विकास कार्यक्रम अन्तर्गत क्लबले स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग गरी समृद्ध र स्वस्थ समाज निर्माणमा ध्यान दिदै आएको छ ।

यसैगरी रेडक्रस कास्कीले मनसुनजन्य विपत्मा प्रतिकार्यका कामलाई तीब्रताका साथ अगाडि बढाएको छ । प्रि-मनसुन तथा मनसुनजन्य विपद्का कारण कास्कीमा भएका विपद्का घटनाहरूमा तत्काल खोज तथा उद्धारसँगै प्रभावितलाई स्थलगत रुपमा राहत वितरण गरेको रेडक्रस कास्कीका सभापति उर्मिला खड्काले जानकारी दिइन् । पहिरो, बाढी लगायतका विपद्मा भएको मानवीय पीडालाई कम गर्न शाखाले खाद्य तथा गैरखाद्य सामग्रीहरू विपद् प्रभावित समुदायलाई वितरण गरिरहेको छ । रेडक्रस कास्की शाखाका मन्त्री सन्तोष अधिकारीले रेडक्रसले वैशाखमा १८ परिवार जेठमा ८ परिवार असारमा २० परिवार र साउनमा ५ परिवारलाई राहत वितरण गरेको जानकारी दिए । यस अवधिमा अन्नपूर्ण गाउँपालिका ८ चिमरुङ, पोखरा १३, पोखरा १९, मादी ६, पोखरा ५ लगायतका क्षेत्रमा राहत वितरण गरिएको छ । उनले कास्कीका सरोकारवाला निकाय, सामाजिक संघ संस्थासँगको समन्वय र सहकार्यमा राहत सामग्रीको संकलन वितरणलाई प्रभावकारी रूपमा अगाडि बढाइएको बताए । यस अवधिमा असल छिमेकी नेपाल र डेभिजफल क्लबले त्रिपाल सहयोग गरेका छन् । रेडक्रसको प्राथमिक उपचार, विपद् व्यवस्थापन, स्वयं सेवक परिचालन तालिमबाट दिक्षित दक्ष जनशक्तिहरु मनसुन जन्य विपद्को घटनामा नियमित र निरन्तर रुपमा जोडिएका छन् ।

# स्वागत एवं सम्मान कार्यक्रम

नेपाल रेडक्रस सोसाइटी पोखरा-२७ उपशाखाको आयोजनामा मिति २०८२ वैशाख ६ गते शनिवारका दिन महिला लक्षित स्वास्थ्य सचेतना कार्यक्रम एव नवनिर्वाचित कार्यसमितिलाई स्वागत एवं सम्मान कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रम पोखरा महानगरपालीका वडा नं.-२७ का वडा अध्यक्ष पूर्णबहादुर गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएकी थियो भने कार्यक्रममा सहभागीहरुलाई स्वाथ्य सम्बन्धि प्रशिक्षण डा. चण्डिका पण्डितले गराउनू भएको थियो ।

# हार्दिक समवेदना:

जन्म मिति
१९९०/१२/०४



स्वर्गारोहण
२०८२/०२/२५

**स्व. बसन्धरी कोइराला**

नेपाल रेडक्रस सोसाइटी, कास्की शाखाका उपसभापति श्री रमा न्यौपाने कोइराला एवं नेरेसो प्रादेशिक गोदाम घर, पोखराका कार्यालय प्रमुख श्री लक्ष्मण प्रसाद कोइराला एवं नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य एवं नेपाल सरकारका पूर्व अधिकृत श्री रामजी प्रसाद कोइरालाकी ममतामयी आमा बसन्धरी कोइरालाको २०८२ जेष्ठ २५ गते ९३ वर्षको उमेरमा भएको असामयिक निधनप्रति कास्की रेडक्रस परिवार हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल रेडक्रस सोसाइटी**
**कास्की शाखा**

# रक्तसञ्चार सेवा दीर्घकालीन सुधारमा जोड




नेपाल रेडकस सोसाइटीबाट सञ्चालित गण्डकी प्रदेशस्तरीय गतिविधि र रक्तसञ्चार सेवाका बारेमा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आइएफआरसी) को प्रतिनिधि मण्डलले स्थलगत अनुगमन गरेको छ ।

आइएफआरसी नेपाल र आइएफआरसी जेनेभाको ग्यापको मूल्यांकन टोलीले नेपाल रेडकस सोसाइटी गण्डकी प्रदेश कार्यालय, नेपाल रेडक्रस सोसाइटी कास्कीको प्रादेशिक रक्तसञ्चार सेवा केन्द्रको अवलोकन भ्रमण गरी प्रदान गरेको सेवा प्रवाहको बारेमा जानकारी लिएको छ ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका कार्यवाहक सभापति रमा कोइराला न्यौपानेले भ्रमण टोलीसँग रेडक्रसले सञ्चालित रक्तसञ्चार सेवा, रक्तसंचार सेवाका गतिविधि र रक्ततत्वको गुणस्तरको बारेमा तथा सुधार गर्नुपर्ने पक्षका बारेमा छलफल भएको जानकारी दिइन् । 'प्रतिनिधि मण्डलले रक्तदाता व्यवस्थापन, संकलन, कम्पोनेन्ट तयारी, प्रयोगशाला प्रक्रिया तथा कोल्ड चेन व्यवस्थापनको अवलोकन गरेको छ,'उनले भनिन्, 'भेटघाटमा रक्तसञ्चार सेवा प्रवर्द्धनमा सहकार्य, नीति निर्माणमा समन्वय, र शिक्षा तथा अनुसन्धानमा योगदान विषयमा विचार विमर्श भएको छ ।' उनले आइएफआरसी र ग्यापका प्रतिनिधिहरूको सहभागिता र प्रत्यक्ष अन्तर्क्रियाले रक्तसञ्चार सेवामा दीर्घकालीन सुधार र अन्तर्राष्ट्रिय साझेदारीको मार्ग प्रशस्त गरेको दाबी गरिन् ।

प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले सेवाको गुणस्तर, नवप्रवर्तन तथा दिगोपनबारे रेडक्रस सोसाइटी कास्की शाखाका सबै पदाधिकारी, कार्यालय प्रमुख तथा समर्पित कर्मचारीसँग छलफल भएको बताए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय उप-कोषाध्यक्ष डोलराज पाण्डे, गण्डकी प्रदेश अध्यक्ष सूर्यप्रसाद ढकाल, कास्की शाखाका निवर्तमान सभापति डण्डराज पौडेल लगायतका रेडक्रसका पदाधिकारी तथा सदस्य, प्राविधिक कर्मचारीले भ्रमण टोलीलाई ग्याप कार्यक्रमबाट प्राप्त उपलब्धिहरू, कार्यान्वयन अनुभव र स्थानीय स्तरमा देखिएको प्रभाव बारेमा अवगत गराएको उनले उल्लेख गरे । उनले ग्याप परियोजनाबाट स्थानीय स्तरमा देखिएका ठोस सुधारहरू, प्राविधिक दक्षता अभिवृद्धि, र सहकार्यको प्रभावशाली अभ्यासहरू उजागर भएको जनाए । उनले भ्रमण टोलीले नेपाल रेडक्रस कास्कीको संगठित टोली, नेतृत्वको सक्रियता र सेवाप्रति समर्पण विशेष रूपमा प्रशंसनीय रहेको विश्लेषण गरेको दाबी गरे

प्रतिनिधि मण्डलमा आईएफआरसी नेपाल कार्यालय प्रमुख डेभिड फिसर र आईएफआरसी नेपाल कार्यालयका कर्मचारी रश्मी झा, आईएफआरसी जेनेभा स्थित ग्यापका प्रतिनिधि डा. एलिजाबेथ भिलेनी र डा. सोरया अमर सहभागी थिए ।

प्रतिनिधि मण्डलले गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालय, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त कुलपति प्राडा भरत खत्री, प्रदेश स्तरीय रक्तसञ्चार सेवा केन्द्र पोखरा, पोखरा महानगरपालिका कार्यवाहक मेयर मञ्जुदेवी गुरुङ, फिस्टेल हस्पिटल तथा रिसर्च सेन्टर गैरापाटनका प्रतिनिधिहरूसँग संस्थागत भेटघाट तथा अन्तर्क्रिया गरेको छ ।

# विपद पूर्वतयारीमा रेडक्रसकर्मी

मनसुन जन्य विपद्लाई लक्षित गरेर नेपाल रेडक्रस सोसाइटी पोखरा १५ उपशाखाले विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण गरेको छ । नेपालमा मनसुन भित्रिएको अवस्थामा बाढी पहिरोको जोखिमलाई मध्यनजर राख्दै सम्भावित दुर्घटनामा कसरी प्रतिकार्य गर्ने भन्ने विषयलाई प्राथमिकीकरण गरी प्रशिक्षण गरिएको हो ।

प्रशिक्षणमा टोल विकास संस्था, युवा क्लब, रेडक्रस उपशाखाका पदाधिकारी तथा सदस्य, प्राथमिक उपचार तालिम लिएको स्वयं सेवक गरी ४८ जनाको सहभागिता रहेको छ । कार्यक्रममा रेडक्रस कास्कीका कोषाध्यक्ष तथा विपद् व्यवस्थापन समितिका कोषाध्यक्ष मोहनसिंह खड्का, प्रशिक्षक नवराज भण्डारीले विपदका प्रकार, शब्दावली, नेपालमा भइरहने विपद, विपद चक्रका विषयमा सहजीकरण गरेका थिए ।

रेडक्रस कास्कीका कोषाध्यक्ष खड्काले पोखरा १५ भित्र सेती नदी, खहरे खोला, नालीको पानी अव्यवस्थित ढंगले बग्दा बाढीसँगै पहिरोको उच्च रहेको पाइएको जानकारी दिए । पोखरा महानगर पालिका वडा नम्बर १५का अध्यक्ष तोरण बानियाँले प्रशिक्षणको उद्घाटन गर्दै वडामा बाढी, पहिरो, सडक दुर्घटना, आगलागी जस्ता मुख्य प्रकोप रहेको बताए । उनले व्यक्तिगत, पारिवारिक र सामुदायिक रुपमा पूर्व तयारी अपनाउन सके विपद्का घटना कम गर्न सकिने जनाए । उनले विपद्का घटनामा राज्यका सयन्त्रसँगै समुदायका संघ संस्था समेत क्रियाशील भएर सहयोग गर्न अनुरोध गरे ।

सिद्ध पब्लिक क्याम्पसको सभाहलमा भएको कार्यक्रममा रेडक्रस सोसाइटी पोखरा १५का सभापति शिवबहादुर भण्डारी, रेडक्रस सोसाइटी कास्की शाखाका सदस्य एवं उपशाखा १५ सचिव पावर्ती कार्की, उपशाखा सदस्य सावित्री पौडेलले लगायतले विपद् व्यवस्थापनमा रेडक्रसले खेलेको भूमिकाको बारेमा बोलेका थिए ।

समारोहमा सहभागीहरु लीला भण्डारी, बेलबहादुर विक र सूर्य गुरुङले प्रशिक्षणबाट विपद्मा प्रतिकार्य गर्न आत्मवल बढेको र प्रशिक्षणमा सिकेको ज्ञान समुदायमा परिचालन गरी आवश्यक परेको बखतमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा प्राथमिक उपचार तालिम प्राप्त २३ जना प्रशिक्षार्थीलाई प्राथमिक उपचार किट बक्स वितरण समेत् गरिएको थियो ।

# हावाहुरी प्रभावितलाई रेडक्रसको सहयोग

भूमरी सहितको हावाहुरी पछिको अविरल वर्षातको कारण प्रभावित रुपा गाउँपालिका ५का परिवार लाई नेपाल रेडक्रस सोसाइटी कास्की र पालिकाले त्रिपाल सहित खाद्यान्य प्रदान गरेको छन् ।

हावाहुरीले घरको धुरी र छाना उडाएर वर्षात हुँदा रुपा ५ देउरालीफेदी र डाँडा गाउँमा १८ घर परि वार प्रभावित भएका छन् । पालिकाका अध्यक्ष नवर ाज ओझाको नेतृत्वमा वडा अध्यक्ष राजन खनाल, रेडक्रस कास्कीका कोषाध्यक्ष मोहनसिंह खड् का, कर्मचारी नवराज भण्डारी सहितको टोलीले स्थलगत अवलोकन गरी क्षतिको विवरण संकलन पश्चात राहत वितरण गरिएको हो । पालिका अध्यक्ष ओझाले पालिका र रेडक्रसले त्रिपाल र खाद्यान्न सहयोग गरेको जानकारी दिए । 'हावाहुरीले छाना उडाएपछि वर्षात हुँदा घर भित्रको खाद्यान्न लत्ता कपडा भिजेर नष्ट भएको छ,'उनले भने, ' वर्षातले चामल लगायतका खाद्यान्न भिजेर खान यो ग्य छैन । धानचँवर हाल्ने बेलाको मकैबारी पुरै नष्ट भएको छ ।' उनले नेपाल प्रहरी र कृषि ज्ञान केन्द्रले क्षतीको मुचुल्का तयार गरेपछि घर मर्मत र थप र ाहत प्रदान गर्ने बताए ।

रेडक्रस कास्कीका कोषाध्यक्ष खड्काले प्रभावित घरपरिवारलाई पालिका र रेडक्रसले त्रिपाल र ाहत खाद्य सामग्री स्थलगत रुपमा नदोहोरिने गरी वितरण गरेको जानकारी दिए । उनले पहिलो चरणमा रेडक्रसले ३ परिवारलाई खाद्यान्न वितरण गरेको बताए । उनका अनुसार हावाहुरी र वर्षातको कारण घर गोठको अलवा खेतीपाती, फलफूल नष्ट भएको छ । सोमबार साँझदेखि त्यस क्षेत्रमा विद्युत् सेवा अबरुद्ध छ ।

नेपाल विद्युत् प्राधिकरण र कृषि शाखाको टोली समेत् स्थलगत अवलोकनको लागि घटनास्थल पुगे को उनले जनाए । रेडक्रसका कर्मचारी भण्डारीले हावाहुरी र वर्षातको कारण रूपा ५का १० परि वारको घर पूर्ण क्षति र ८ परिवारको मध्यम क्षति भएको बताए । यसैगरी यही वैशाख २४ र २५ गतेको अविरल वर्षाका कारण पोखरा वडा नम्बर ४ फिर्के पुलमुनिको समुदाय डुबानका कारण ९ परिवार प्रभावित भएका छन् । डुबानमा प्रभावित ५ परिवारलाई तत्काल गैरखाद्य सामग्री र खाद्य सामग्री सहितको राहत प्रदान गरेको नेपाल रेडक्रस सोसाइटी कास्कीले जनाएको छ ।

# बाढी प्रभावितलाई राहत प्रदान गर्न रेडक्रस कास्कीलाई सहयोग

बाढी पहिरोबाट प्रभावितलाई सहयोग गर्नको लागि डेभिजफल क्लब पोखरा १७ले नेपाल रेडक्रस सोसाइटी कास्कीलाई त्रिपाल हस्तान्तरण गरेको छ ।

विपद् व्यवस्थापनको लागि गैरखाद्य सामग्री अन्तर्गत १८ ह २४को ५ थान त्रिपाल प्रदान गर्नुका साथै क्लबले रेडक्रसको संस्थागत सदस्यता समे त् नवीकरण गरेको हो । क्लबका अध्यक्ष विनम गुरुङले यो वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी पानी पर्ने अनुमानलाई मध्य नजर राख्दै मनसुनजन्य विपद् जोखिम न्यूनीकरणको लागि विपद् राहत कार्यक्रमको लागि रेडक्रस कास्कीसँग हातेमालो गरे को बताए । उनले क्लब लामो समयदेखि रेडक्रस सोसाइटीको संस्थागत सदस्य समेत् रहेकोले २५ हजार प्रदान गरेर वार्षिक रूपमा नवीकरण गरी निर न्तरता प्रदान गर्दै आएको जनाए । कार्यक्रममा डे भिजफल क्लबका अध्यक्ष गुरुङले रेडक्रस सोसाइटी जस्तो पवित्र तथा मानवीय संस्थाको संस्थागत सदस्य हुन पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको उल्लेख गरे । उनले आगामी दिनमा समे त विपदको समयमा रेडक्रस अभियानमा जोडिएर काम गर्ने प्रतिबद्धता जनाए ।

यसैबीच पोखरा महानगरपालिका वडा नम्बर १ मा रहेको असल छिमेकी नेपालले नेपाल रेडक्रस सोसाइटी कास्कीलाई १५ थान त्रिपाल प्रदान गरे को छ । असल छिमेकी नेपालका कार्यक्रम अधिकृत सुरेन्द्र शर्माले नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका कोषाध्यक्ष मोहनसिंह खड्का तथा सदस्य महेश्वर दवाडीलाई ति त्रिपाल हस्तान्तरण गरे ।

रेडक्रस कास्कीले मनसुनजन्य विपदसँगै आउन सक्ने बाढी पहिरोलाई मध्यनजर गर्दै विपद् पूर्वतयार ीका निम्ति स्वयंसेवक व्यवस्थापन, खोज तथा उद्दार सामग्रीको व्यवस्थापन गर्दै आएको छ । राहत सामग्री व्यवस्थापन अन्तर्गत विपद् राहत गैर खाद्य तथा खाद्य सामग्रीका लागि विभिन्न सरोकारवाला निकायहरूसँगको समन्वयमा व्यवस्थापन गरिँदै आएको सभापति उर्मिला खड्का भण्डारीले जानकारी दिइन् । उनले जिल्ला विपद् व्यवस्थापन समिति कास्कीसँगको समन्वयमा सामाजिक संघ संस्थाको सहकार्यमा मनसुनजन्य विपद्बाट प्रभावितलाई र ाहत सेवाका कार्य सक्रियतापूर्वक गरेको बताइन् । उनले सबै सहयोगी संस्थाको सहयोगमा विपद् व्यवस्थापनको काम गरेको उल्लेख गरिन् । युवामा जागरण ल्याएर क्षमता विकास गरी समुदायमा अग्रणी भूमिका खेलेका क्लबको सहयोगप्रति आभार प्रकट गर्दै उनले विगतदेखि नै हातेमालो गर्दै आएको क्लबले यस वर्ष पनि मानवीय सेवाको लागि सहयो ग गरेकोमा धन्यवाद ज्ञापन गरिन् ।

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका को षाध्यक्ष एवं विपद् व्यवस्थापन समितिका संयो जक खड्काले जिल्ला विपद् व्यवस्थापन समिति कास्कीको परिपत्र अनुसार कास्की रेडक्रसले विपद् प्रभावितलाई राहत सामग्री प्रदान गरेको जनाए । विपद् व्यवस्थापन समिति कास्कीले समग्र विपद् व्यवस्थापनको लागि गर्ने १० क्लष्टरको काम मध्ये रेडक्रसले अस्थायी आवास तथा गैर खाद्य सामाग्री व्यवस्थापनको क्षेत्रमा काम गर्ने उनले उल्लेख गरे । कार्यक्रममा रेडक्रस कास्कीका प्रशिक्षक नवराज भण्डारी, डेभिजफल क्लबका महासचिव दीपक सुवेदी, कोषाध्यक्ष अनिल प्रधान लगायतले विपद् व्यवस्थापनमा सामाजिक संघ संस्थाले खेल्नु पर्ने भूमिकाको बारेका बोलेका थिए ।

मनसुन प्रवेशसँगै परेको अबिरल वर्षात्ले भैपरी आउने विपद् व्यवस्थापन, प्रभावितलाई राहत उद्धार मा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न सामाजिक संघ संस्थाले रेडक्रस कास्कीलाई सहयोग गर्दै आएको छन् ।

# विपद् व्यवस्थापन प्रशिक्षण सम्पन्न

नेपाल रेडक्रस सोसाइटी, पोखरा-२२ उपशाखाको आयोजनामा २०८२ बैशाख १३ गते शनिवारका दिन रेडक्रस अभिमुखीकरण तथा विपद् व्यवस्थापन प्रशिक्षण सम्पन्न गरेको छ। यस कार्यक्रम पोखरा २२ उपशाखाका सभापति श्री घनश्याम देवकोटाको सभापतित्वमा सञ्चालित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, कास्की शाखाका सदस्य एवं जुनियर युवा समितिका सहसंयोजक श्री श्रीकान्त पौडेलको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो । कार्यक्रममा रेडक्रस अभियानमा स्वयंसेवको भूमिका, उपशाखा व्यवस्थापन र जिम्मेवारी साथै विपद् पूर्व विपदको समयमा र विपद् पश्चात् उपशाखाको भूमिकाका विषयमा कास्की शाखाका प्रशिक्षक नवराज भण्डारीले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा उपशाखा कार्यसमिति, आजीवन सदस्य तथा पोखरा २२ का जनप्रतिनिधिहरु गरी ३५ जनाको सहभागिता रहेको थियो ।

# कास्की र काभ्रेबीच अनुभव आदान प्रदान



अध्ययन अवलोकन भ्रमणमा पोखरा आएको नेपाल रेडक्रस सोसाइटी काभ्रेपलाञ्चोक जिल्ला शाखाको टोलीसँग नेपाल रेडक्रस कास्की जिल्ला शाखाले परिचयात्मक तथा अन्तर्क्रिया कार्यक्रम गरेको छ। कार्यक्रममा रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीले विपद् व्यवस्थापन, मानवीय सेवा, रक्तसञ्चार सेवाको क्षेत्रमा रेडक्रस कास्कीले गरेको गतिविधिबारे प्रकास पारिन्। रेडक्रस काभ्रे पलाञ्चोकका सभापति देवेन्द्रप्रसाद भैलले रेडक्रस सोसाइटी काभ्रे जिल्ला शाखाको कार्यप्रगति सुनाए। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डे, रेडक्रस कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्का, उपकोषाध्यक्ष कालिदास सापकोटा लगायत मन्तव्य राखेका थिए। कार्यक्रममा दुबै शाखाका पदाधिकारी र कार्यसमितिका सदस्य बीच कास्की र काभ्रे जिल्ला शाखाले गरेका असल अभ्यास र अनुकरणीय कामको बारेमा अनुभव आदान प्रदान भएको थियो।

# रेडक्रस पोखरा ११ उपशाखामा नयाँ कार्यसमिति

नेपाल रेडक्रस सोसाइटी पोखरा ११ उपशाखाको निर्वाचन सम्पन्न भएको छ।

निर्वाचनबाट सर्वसम्मत रुपमा सभापतिमा पुरुषोत्तम लामिछाने, महिला उपसभापतिमा सरस्वती भण्डारी बराल, सचिवमा सूर्यप्रसाद घिमिरे, कोषाध्यक्षमा पार्वती आचार्य र उपसचिवमा जनार्दन बास्तोला र उपकोषाध्यक्षमा निरु पराजुली चयन भएका छन्।

उपशाखाको महिला सदस्यमा गंगादेवी आचार्य, सदस्यहरुमा शिवबहादुर केसी, राजेन्द्रप्रसाद ध्वजू, बुद्धिसागर घिमिरे, टेकबहादुर खत्री रहेका छन्। उपशाखा निर्वाचनको लागि निर्वाचन अधिकारी कास्की शाखाका सभापति उर्मिला खड्का भण्डारीद्वारा मतदान अधिकृतमा कास्की शाखाका कोषाध्यक्ष मोहनसिंह खड्कालाई जिम्मेवारी प्रदान गरिएको थियो। मतदान अधिकृत खड्कालाई सहयोग गर्न कर्मचारीको रुपमा कास्की शाखाका लेखापाल सिर्जना बास्तोला र कनिष्ठ सहायक अवतार रोकामगरलाई खटाइएको थियो।

# मनसुनजन्य प्रकोपलाई लक्षित गरी विपद् व्यवस्थापन प्रशिक्षण

विपद् व्यवस्थापनको लागि स्थानीय समुदायलाई सशक्त बनाउन नेपाल रेडक्रस सोसाइटी कास्की अन्तर्गतका उपशाखाहरुले विपद् व्यवस्थापन प्रशिक्षण गरेका छन्। नेपालमा मनसुन भित्रिएसँगै बाढी पहिरो घटनालाई मध्यनजर राख्दै विपद् प्रतिकार्यमा जुट्न, राहत तथा उद्धारको लागि योजना बनाउन प्रशिक्षण गरिएको रेडक्रस कास्कीका सभापति उर्मिला खड्काले जानकारी दिइन्।

उनले समुदायका अगुवा कार्यकर्तालाई तालिम प्रशिक्षण दिएर समुदायमा परिचालन गरे विपद् व्यवस्थापनको क्षेत्रमा ठुलो सहयोग पुग्ने बताइन्। मनसुन जन्य प्रकोपलाई लक्षित गरेर नेपाल रेडक्रस सोसाइटी पोखरा १, ८ र १९ उपशाखाले जनप्रतिनिधि, रेडक्रस एवं वडा स्तरीय विपद् व्यवस्थापन समिति, टोल विकास संस्था, आमा समूह, युवा क्लब, संकटासन्न समुदायका प्रतिनिधिको सहभागितामा विपद् व्यवस्थापन प्रशिक्षण गरेका छन्। कार्यक्रममा रेडक्रस कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्का, कास्की शाखाका प्रशिक्षक नवराज भण्डारी र वडा प्रहरी कार्यालय बगरका प्रमुख प्रहरी निरीक्षक देवराज भट्टराईले सहजीकरण गरेका छन्। प्रशिक्षक भण्डारीले तालिम प्रशिक्षणमा विपत्को पूर्व तयारी, विपद्को समयमा खोज उद्धार तथा विपद् पछिको पुनर्लाभको विषयमा सहजीकरण गरेको बताए।

कार्यक्रममा पोखराका तीन वटै वडाका मनसुनजन्य प्रकोप, विपद्का उच्च जोखिमका क्षेत्रहरु समेत् पहिचान गरिएको छ। पोखराका वडा नम्बर १को उत्तरी क्षेत्रको सेती नदीको किनारा बाढी पहिरोको उच्च जोखिमको क्षेत्र पहिचान गरिएको रेडक्रस सोसाइटी पोखरा १ उपशाखाका सभापति जीवन अधिकारीले जानकारी दिइन्।

त्यस्तै तालिमको क्रममा पोखरा महानगरपालिकाका १९ भित्रका टोलहरूमा हुनसक्ने प्रकोपको समेत आंकलन गरी त्यसबाट पुग्न सक्ने क्षतिको समेत् अनुमान गरिएको छ। सेती नदीको तिरमा रहेको गोस्ते बस्ती, पुरनचौर अन्तर्गतका काउरे बस्ती लगायत भिराला क्षेत्रका बस्तीहरू पोखरा १९को बाढी र पहिरो दुबैका हिसाबले उच्च जोखिमको क्षेत्र पहिचान भएको रेडक्रस सोसाइटी पोखरा १९ उपशाखाका सभापति रमेश विकले बताए।

रेडक्रस सोसाइटी पोखरा ८ उपशाखाका सभापति विष्णुप्रसाद बरालले पोखरा ८ पुरै शहरी क्षेत्र भएकोले शहरी क्षेत्रमा हुन सक्ने प्रकोप र विपद्का विषयमा छलफल गरिएको जनाए। 'वर्षातको पानी ढलमा नअटेर सडकमा ठुलो बाढीको रुपमा परिणत हुन्छ। सवारी दुर्घटना, भूकम्प र आगोलागी वडाको मुख्य प्रकोप तथा विपद्का घटना हुन्,' उनले भने, 'सडकमै बग्ने ठुलो बाढीले पैदल यात्री र सवारी साधनमा आवतजावतमा सास्ती भएको छ। पैदल यात्री र सवारी साधन बगाएर क्षति समेत हुने गरेको छ।' उनले सडकका नाली र नालीमाथिका स्ल्याबहरू ठाउँ ठाउँमा खाली हुँदा बाल बालिकालाई बगाउने जोखिम बढेको जानकारी दिए।

कार्यक्रममा रेडक्रस कास्कीका प्रशिक्षक भण्डारीले आगोलागीका कारण हुन सक्ने क्षतिलाई मध्यनजर राख्दै आगो सम्बन्धी पूर्व तयारी र आगो लागेमा निभाउने विषयमा प्रयोगात्मक अभ्यास सिकाएका थिए। रेडक्रस सोसाइटी पोखरा १, ८ र १९ उपशाखाको तालिम प्रशिक्षण कार्यक्रममा पोखरा ८का अध्यक्ष रुद्रनाथ बराल, पोखरा १९का अध्यक्ष पुष्पेन्द्र पाण्डे, वडा प्रहरी कार्यालय बगरका प्रमुख प्रहरी निरीक्षक भट्टराई, पोखरा १९का वडा सदस्य दुर्गा बस्नेत, नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका सदस्य नवराज पौडेल लगायतले विपद् व्यवस्थापनको क्षेत्रमा रेडक्रस सोसाइटीले गरेको कामको बारेमा बोलेका थिए।

# एम्बुलेन्स सेवा विस्तारको लागि प्रस्ताव



नेपाल रेडक्रस सोसाइटी कास्कीका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमिति सहितको टोलीले आर्थिक वर्ष २०८२/०८३मा प्रादेशिक तहको रक्तसञ्चार सेवा (ब्लड बैंक)को स्तरोन्नति गर्न आवश्यक उपकरणको व्यवस्था गर्न गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ । टोलीले प्रदेशका स्वास्थ्य मन्त्री कृष्ण पाठकलाई भेटेर गण्डकी प्रदेशमा क वर्गको एम्बुलेन्स लगायतका सेवा विस्तारका लागि प्रस्तावपत्र पेश गरेको छ । मन्त्री पाठकले प्रदेशका नागरिकलाई स्वच्छ रगत र रक्ततत्व वितरणको लागि प्रदेश सरकारले ध्यान दिने बताए । उनले सो प्रयोजनको लागि गण्डकी प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गरेको जनाए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारी, निवर्तमान सभापति डण्डराज शर्मा पौडेल, उपसभापति रमा कोइराला न्यौपाने, मन्त्री सन्तोष अधिकारी, कोषाध्यक्ष मोहनसिंह खड्का, प्रादेशिक रक्त सञ्चार सेवाका इन्चार्ज अर्जुन ज्ञवाली, रक्त सञ्चार सेवा रामघाटका इन्चार्ज महेन्द्र केसीले रेडक्रसलाई रगत र रगतजन्य पदार्थको संकलन, भण्डारण र वितरणको जिम्मेवारी दिएको बताए ।

रेडक्रस कास्कीको पहलमा सुरुवातमा ब्लड बैंकले ज्येष्ठ नागरिक, असहाय, विपन्नलाई रक्तजन्य सेवा शुल्क छुट दिँदै आएको थियो । आर्थिक वर्ष २०७८/०७९ देखि गण्डकी प्रदेश सरकारले आफ्नो प्रदेश भित्र रगत तथा रक्ततत्व निशुल्क गर्ने घोषणा गरेको छ । जस अनुसार रेडक्रस कास्कीसँगको सहकार्यमा २०७८ फागुन १ गतेबाट कार्यान्वयन भएको छ ।

# विपद्का काममा समन्वय र सहकार्य गर्ने प्रतिबद्धता



नेपाल रेडक्रस सोसाइटी कास्कीले विपद् व्यवस्थापन र मानवीय सेवाको बारेमा कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मासँग अन्तर्क्रिया गरेको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शर्माले विपद् व्यवस्थापन र मानवीय सेवाका क्रियाशील रेडक्रससँग स्थानीय प्रशासनले समन्वय र सहकार्य गर्ने बताइन् । उनले मनसुन भित्रिएको अवस्थामा मनसुनजन्य विपद्का घटना हुन सक्ने भएकोले दुवै निकायले चनाखो भएर काम गर्ने जानकारी दिइन् ।

रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले जिल्ला विपद् व्यवस्थापन समिति कास्कीसँगको समन्वयमा सामाजिक संघ संस्थाको सहकार्यमा मनसुनजन्य प्रभावितलाई राहत सेवाका कार्य सक्रियतापूर्वक गरेको उल्लेख गरिन् । उनले जिल्ला विपद् व्यवस्थापन समिति कास्कीले समग्र विपद् व्यवस्थापनको लागि गरेको १० क्लष्टरको काम मध्ये रेडक्रसले अस्थायी आवास तथा गैरखाद्य सामाग्री व्यवस्थापनको क्षेत्रमा काम गर्ने जानकारी दिइन् ।

कार्यक्रममा रेडक्रस कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेल, उपसभापति रमा कोइराला न्यौपाने, मन्त्री सन्तोष अधिकारी, कार्यसमितिका सदस्य भगवती गुरुङले विपद् व्यवस्थापनमा रेडक्रसले खेलेको भूमिकाको बारेमा बोलेका थिए ।

# विश्व रेडक्रस दिवसमा तालिम

नेपाल रेडक्रस सोसाइटी कास्कीले मातहतका उपशाखाको क्षमता अभिबृद्धि गर्न रेडक्रस इन्डक्सन र कार्यालय व्यवस्थापन तालिम दिएको छ ।

विश्व रेडक्रस दिवस (८ मार्च)को सन्दर्भमा संगठन विकास समितको संयोजनमा भएको तालिममा कास्कीका ४५ उपशाखाका सभापति तथा सचिव, जिल्ला शाखाका पदाधिकारी तथा कार्यसमितिका सदस्य र कर्मचारी गरी १सय २ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा रेडक्रस सोसाइटी कास्कीका कोषाध्यक्ष मोहनसिंह खड्काले रेडक्रसको सिद्धान्त, अभियान, र मल्य मान्यताका बारेमा सहजीकरण गरेका थिए । पोखरा जेसिसका अध्यक्ष भाइराजा रानाले बैठक सञ्चालन विधि र माइन्युट लेखन, पत्रकार श्याम कुँवरले समाचार लेखन, रेडक्रसकर्मी नवराज भण्डारीले प्रतिवेदन लेखन विषयमा सहजीकरण गरेका थिए ।

रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्काले विपद् व्यवस्थापन, मानवीय सेवामा काम गर्ने संस्था रेडक्रसले सबै उपशाखाका सवलीकरणमा ध्यान दिने बताइन् । उनले मनसुनजन्य प्रकोपको सुरुवात हुन लागेको अवस्थामा विपद्को पूर्व तयारीमा ध्यान दिन आग्रह गरिन् ।

रेडक्रस कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेलले सेवा केन्द्रको रुपमा वडा वडामा रहेको उपशाखाको क्रियाशीलता र गतिविधिले कास्की शाखालाई बलियो बनाएको बताए ।

रेडक्रस कास्कीका मन्त्री सन्तोष अधिकारीले हरेक वडा कार्यालयले विपद् व्यवस्थापनको क्षेत्रमा ५ देखि १० प्रतिशत बजेट विनियोजन गर्ने भएकोले समन्वय गरेर काम गर्न सुझाव दिए । उनले विश्व रेडक्रस दिवस सरसफाई, रक्तदान, वृक्षरोपण लगायतका सिर्जनात्मक र रचनात्मक कार्यक्रम गरी मनाउन सबै उपशाखालाई परिपत्र गरेको जानकारी दिए । उनले जुनियर तथा युवा सर्कललाई समेत हाजिरी जवाफ, बक्तृत्व कला प्रतियोगिता गर्न आग्रह गरेको बताए । उनले जुनियर तथा युवा सर्कलले रेडक्रसको सन्देशमूलक नारा लेखेको व्याज वितरण गरेर आम्दानी गर्न सक्ने उल्लेख गरे ।

'मानवताको पक्षमा' भन्ने नाराका साथ भएको कार्यक्रममा रेडक्रस सोसाइटी कास्कीका उपसभापति रमा कोइराला न्यौपाने, उपमन्त्री डिल्लीराम बराल, कार्यालय प्रमुख कृष्णप्रसाद कोइरालाले विश्व रेडक्रस दिवसको बारेमा चर्चा गरेका थिए ।

# जुनियर युवा गोष्ठी सम्पन्न



आगामी आर्थिक वर्षको लागि १९ वटा रचनात्मक र सिर्जनात्मक कार्यक्रम गर्ने निर्णय गर्दै नेपाल रेडक्रस सोसाइटी कास्कीको ४२ औं कास्की जिल्ला स्तरीय जुनियर तथा युवा गोष्ठी तथा ३१ औं शिक्षक नायक गोष्ठी सम्पन्न भएको छ ।

नेपाल जुनियर रेडक्रस सर्कल जनप्रिय माध्यमिक विद्यालय पोखरा ८ सिमलचौरको व्यवस्थापनमा भएको २ दिने गोष्ठीमा कास्कीका १ सय ३० सामुदायिक तथा संस्थागत विद्यालय, जुनियर युवा रेडक्रसका प्रतिनिधि शिक्षक नायक गरी ४ सय जनाको सहभागिता रहेको थियो । गोष्ठीको समापन कार्यक्रममा पोखराका मेयर धनराज आचार्यले सहभागीलाई प्रमाणपत्र वितरण गरे ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्काले उद्घाटन गरेको गोष्ठीमा रेडक्रस कास्कीका उपमन्त्री तथा जुनियर तथा युवा सर्कलका संयोजक डिल्लीराम बरालले पेश गरेको वार्षिक प्रतिवेदन पारित भएको छ । गोष्ठीले आगामी आर्थिक वर्षको लागि सर्कलको १९ कार्यक्रमलाई पारित गरेको सर्कलका संयोजक बरालले जानकारी दिए ।

गोष्ठीमा जुनियर तथा युवा रेडक्रस सर्कलका गतिविधिहरुलाई विद्यालय तथा समुदायसँग लगी विद्यार्थीहरुमा स्वयंसेवाको भावना अभिवृद्धि, सकारात्मक सोच र नेतृत्व शिप विकास गर्ने, संकटासन्न समुदायको संरक्षण गर्ने, मानवताको लागि हाते मालो गर्ने, जलवायु परिवर्तन, प्राथमिक उपचार, कृत्रिम बौद्धिकता, स्वयंसेवक व्यवस्थापन र परिचालन, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, इमोश्नल इन्टेलिजेन्स लगायत रेडक्रसको अन्तर्राष्ट्रिय मानवीय कानून सम्बन्धी विषयवस्तुमा प्रशिक्षण गराइएको थियो ।

कार्यक्रममा नवराज भण्डारी र नेरेसो कास्कीका सदस्य सूर्य प्रसाद पालुवा तिमिल्सिनाले प्राथमिक उपचार सम्बन्धी प्रशिक्षण, डिल्लीराम बरालले नेतृत्व शिप प्रशिक्षण र विवेक श्रेष्ठले इमोस्नल इन्टेलिजेन्स प्रशिक्षण गरेका थिए । साथै रेखा थापाले कृत्रिम बौद्धिकता र स्वयंसेवक व्यवस्थापन र परिचालनमा रेडक्रस शाखाका मन्त्री सन्तोष अधिकारीले रेडक्रसका गतिविधि र संगठन व्यवस्थापनमा, कोषाध्यक्ष मोहन सिंह खड्काले विपद व्यवस्थापनमा, सुनिता पौडेल र कल्पना ज्ञवालीले जुनियर युवा रेडक्रस परिमार्जित कार्यविधिका सम्बन्धमा प्रशिक्षण गराएका थिए ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्य, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका निवर्तमान सभापति डण्डराज शर्मा पौडेल, जनप्रिय बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण बिजुक्छे, जुनियर युवा सर्कल गण्डकीका सदस्य रमेशराज भण्डारी, नेपाल शिक्षक महासंघ कास्कीका अध्यक्ष भोलानाथ पौडेल, जनप्रिय मावि व्यवस्थापन समितिका अध्यक्ष परशुराम बराल, विद्यालयका प्राचार्य देवीप्रसाद बस्ताकोटी नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका मन्त्री सन्तोष अधिकारी, जुनियर युवा समितिका संयोजक एवं उपमन्त्री डिल्लीराम बराल, शिक्षक जनज्योति माध्यमिक विद्यालय झाँक्रमारेका शिक्षक नायक टेकबहादुर विश्वकर्मा, सहभागी रेम्बो एकेडेमिक होम्सका छात्र प्रज्वल पौडेल, छात्रा शान्ति उदय माविकी सृष्टि लम्सालले उक्त गोष्ठीले जुनियर तथा युवाका गतिविधिहरुलाई क्रियाशील बनाउनका लागि महत्वपूर्ण अवसर प्रदान गरेकोमा खुशी व्यक्त गरे । उक्त गोष्ठीको समापन समारोहको सभापतित्व जुनियर रेडक्रस सर्कल जनप्रिय माविका अध्यक्ष आशिमा भण्डारीको अध्यक्षतामा भएको थियो भने सञ्चालन शिक्षक नायक श्रीकान्त पौडेलले गरेका थिए ।

कार्यक्रममा समुदाय, विद्यालय, विश्वविद्यालयमा गठित जुनियर तथा युवा सर्कलमध्ये उत्कृष्ट सर्कल र उत्कृष्ट शिक्षक नायकलाई सम्मान गरिएको छ । समुदायतर्फ राखी युवा सर्कल पोखरा २६ सर्वोत्कृष्ट भएको छ । समुदायतर्फ नै काहुँ युवा सर्कल पोखरा ११ फूलबारी दोस्रो र युवा रेडक्रस सर्कल पोखरा २५ तेस्रो भए ।

शिक्षक नायकतर्फ रतनपाण्डे माविकी शिक्षक नायक राधादेवी बराल उत्कृष्ट भएकी छिन् । जुनियर सर्कलतर्फ जुनियर रेडक्रस सर्कल शिवशक्ति मावि पोखरा ११ सर्वोत्कृष्ट भएको संयोजक बरालले बताए । जुनियर रेडक्रस सर्कल रतनपाण्डे मावि द्वितीय, जुनियर रेडक्रस सर्कल सिर्जना मावि र छोरेपाटन मावि तृतीय र जुनियर रेडक्रस सर्कल राष्ट्रिय माविले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए ।

# स्वास्थ्य शिविरमा १ सय ६० जनाको उपचार

विश्व वातावरण दिवसको अवसर पारेर नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाले वडाका टोल विकास संस्था, आमा समूहका सदस्यलाई लक्षित गरेर निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । मधुमेह (सुगर), मृगौला उपचार सम्बन्धी शिविरमा उपशाखा १० का आजीवन सदस्य सहित टोल टोलबाट करिब १ सय ६० जनाको स्वास्थ्य परीक्षण गरिएको छ ।

पोखरा महानगरपालिका वडा नम्बर १०का अध्यक्ष राजेश गुरुङले शिविरको उद्घाटन गर्दै मानवीय सेवामा समर्पित पोखरा १० उपशाखाले टोल टोलमा रेडक्रस अभियान चलाएको बताए । विपद्को पूर्व तयारी अपनाएर क्षति कम गर्न रेडक्रसको योगदान रहेको उल्लेख गर्दै उनले वडाबासीको स्वास्थ्य परीक्षण र स्वास्थ्य सचेतना जस्ता मानवीय काममा उल्लेनीय योगदान गरेको जनाए ।

मानवीय कार्यमा आफ्नो दक्षता देखाएर राम्रो पहिचान बनाएको उपशाखासँग विपद्, मानवीय लगायतका क्षेत्रमा वडा कार्यालयले सहकार्य गर्ने उनले बताए । नेपाल रेडक्रस सोसाइटी कास्कीका मन्त्री तथा उपशाखा १०का सहजकर्ता सन्तोष अधिकारीले यो वर्ष विपद्जन्य घटनामा २५ लाख व्यक्ति प्रभावित हुने प्रक्षेपण गरिएको जानकारी दिए । उनले विपद् व्यवस्थापनको लागि ५ प्रतिशत बजेट विनियोजन गर्न माग गरे ।

पोखरा १०को किरण मेडिकल हलमा भएको शिविरमा आरसी हेल्थ क्लिनिकको प्राविधिक सहयोग रहेको थियो । आरसी हेल्थ क्लिनिकका सञ्चालक रामचन्द्र पौडेलले सन्तुलित आहार विहार र नियमित व्यायामले मानव शरिरमा स्वास्थ्यको समस्या नपने बताए । स्वास्थ्य शिविरमा पोखरा १०का वडा सदस्यहरु पूर्णचन्द्र न्यौपाने र परमेश्वर कार्की, रामबजार सोसाइटी युकेका अध्यक्ष रामबहादुर गुरुङ, समाजका पूर्व अध्यक्ष रुपक गुरुङ, रामबजार ज्येष्ठ नागरिक मिलन केन्द्रका अध्यक्ष थमनसिंह थापा, नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापति जीवन श्रेष्ठ, सचिव बिनप्रसाद गुरुङ, कोषाध्यक्ष नरहरी पनेरु, सदस्य धनमाया गुरुङ लगायतले रेडक्रस अभियानको बारेमा बोलेका थिए ।

# रेडक्रस सोसाइटी पोखरा ९ उपशाखालाई वडा कार्यालयको सहयोग

पोखरा महानगरपालिका वडा नम्बर ९को वडा कार्यालयले नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपशाखालाई विपद् राहत सामग्री प्रदान गरेको छ । बाढी पहिरोबाट प्रभावितलाई सहयोग गर्नको लागि वडा कार्यालयले १ लाख बराबरको राहत सामग्री हस्तान्तरण गरेको हो । समारोहमा पोखरा ९ उपशाखाले जिल्ला शाखा कास्कीका पदाधिकारी तथा सदस्यलाई बधाई ज्ञापन समेत् गरेको छ ।

कार्यक्रममा नेवा मिस-पुच नयाँबजार र सांस्कृतिक समिति नयाँबजारले नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपशाखालाई २/२ लाखको दरले आर्थिक सहयोग गरेका छन् । सो अवसरमा नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपशाखाले सिद्धमार्ग आमा समूहलाई २० हजार आर्थिक सहयोग गरेको छ ।

पोखरा ९का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले विपद् व्यवस्थापनको क्षेत्रमा वडा कार्यालयले कम्तिमा ५ प्रतिशत बजेट विनियोजन गरेको जानकारी दिए । उपशाखाका पूर्व सभापति समेत् रहेका मर्सानीले वडाले गर्नु पर्ने विपद् व्यवस्थापनको काम रेडक्रस उपशाखालाई गर्न सुझाव दिए । उनले उपशाखालाई बलियो बनाउन आर्थिक र प्राविधिक सहयोग गर्न तयार रहेको बताए ।

नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकालले विपद् व्यवस्थापन, विशेष रक्तदान र एम्बुलेन्स सञ्चालन गर्ने योजना बनाउन सुझाव दिए । उनले डेंगी संक्रमण बढेको सन्दर्भमा टोल टोलमा सचेतनामूलक कार्यक्रम गर्न आग्रह गरे । नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति उर्मिला खड्का भण्डारीले यो वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी पानी पर्ने अनुमानलाई मध्य नजर राख्दै १० घर परिवारलाई विपद् राहतको सामाग्री जोहो गर्न सबै उपशाखालाई परिपत्र गरेको जानकारी दिइन् । उनले पोखरा ९ उपशाखाले नयाँ कार्यालय भवनबाट रेडक्रसको अभियानलाई प्रभावकारी बनाउन आग्रह गरिन् ।

रेडक्रस सोसाइटी कास्कीका मन्त्री सन्तोष अधिकारीले जिल्ला शाखाले वार्षिक बजेटमा ५ उपशाखालाई कार्यालय व्यवस्थापनमा सहयोग गर्ने जानकारी दिए । ४८ उपशाखामध्ये १० उपशाखाको हातेमालो कार्यक्रम राखेको उल्लेख गर्दै उनले सहयोग लिएर चल्ने पोखरा ९ उपशाखा सहयोग दिने ठाउँमा पुगेको दाबी गरे ।

कार्यक्रममा पोखरा ९का वडा सदस्य नन्दराम गिरी, नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका उपसभापति रमा न्यौपाने कोइराला, पोखरा ९का वडा सचिव कुलराज पौडेल, नेवा मिस-पुच नयाँबजारका अध्यक्ष कोपिला श्रेष्ठ, सांस्कृतिक समिति नयाँबजारका अध्यक्ष योगेन्द्र बाटाजु, नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपशाखाका सभापति राजेन्द्र पहारी, उपसभापति लक्ष्मी पहारी, सचिव बासुदेव तिम्सिना, महिला सदस्य रुपा केसी लगायतले विपद् व्यवस्थापनमा रेडक्रसले खेलेको भूमिकाको बारेमा बोलेका थिए ।

## जिल्ला कार्य-समितिको नामावली २०८१-०८३

| क्र.सं | पद | नाम | मो.न. |
|---|---|---|---|
| ०१ | सभापति | श्री उर्मिला खड्का भण्डारी | ९८५६०२०५०८ |
| ०२ | निवर्तमान सभापति | श्री डण्डराज शर्मा पौडेल | ९८४६०६४७३३ |
| ०३ | महिला उपसभापति | श्री रमा न्यौपाने कोइराला | ९८४६०८१६११ |
| ०४ | उपसभापति | श्री सुरेन्द्र गुरुङ | ९८५६०२५२२६ |
| ०५ | मन्त्री | श्री सन्तोष अधिकारी | ९८५६०३०३३८ |
| ०६ | कोषाध्यक्ष | श्री मोहन सिंह खड्का | ९८४६०२६४३० |
| ०७ | उपमन्त्री | श्री डिल्लीराम बराल | ९८५६०३२४९६ |
| ०८ | उपकोषाध्यक्ष | श्री कालिदास सापकोटा | ९८५६०३१३२६ |
| ०९ | सदस्य | श्री कमलप्रसाद पौडेल | ९८४६०४८९१० |
| १० | सदस्य | श्री खगेन्द्रराज पराजूली | ९८५६०२५१४५ |
| ११ | सदस्य | श्री सुवास अधिकारी | ९८४६०२७२७० |
| १२ | सदस्य | श्री सूर्यप्रसाद तिमिल्सिना पालुवा | ९८४६०५९०६६ |
| १३ | सदस्य | श्री नवराज पौडेल | ९८५६०३१७३१ |
| १४ | सदस्य | श्री श्रीकान्त पौडेल | ९८५६०३६२९८ |
| १५ | सदस्य | श्री महेश्वर दवाडी | ९८५६०३७१२५ |
| १६ | महिला सदस्य | श्री बविता सुवेदी | ९८४६०७९७७७ |
| १७ | महिला सदस्य | श्री पार्वती कार्की | ९८४६०८६७९० |
| १८ | महिला सदस्य | श्री भगवती गुरुङ | ९८४६४६८७८९ |
| १९ | जिल्ला समन्वय समिति, कास्कीका प्रतिनिधि | श्री सितादेवी विश्वकर्मा | ९८५६०७७१३३ |
| २० | जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रतिनिधि | श्री सुबोध बाबु पौडेल | ९८६०४३२१७१ |
| पदेन सदस्य: | | | |
| | नेरेसो केन्द्रिय कार्यसमिति उपकोषाध्यक्ष | श्री डोलराज पाण्डे | ९८५६०२५१२५ |
| | नेरेसो गण्डकी प्रदेश कार्यसमिति अध्यक्ष | श्री सूर्यप्रसाद ढकाल | ९८५६०५३९५० |

# संकटासन्न समुदायका बाल बालिकालाई पोशाक प्रदान

संकटासन्न समुदायका बाल बालिकालाई लक्षित गरेर नेपाल रेडक्रस सोसाइटी पोखरा २ र ३ उपशाखाले माछापुच्छ्रे ७ धम्पुसमा रहेको पृथ्वीनारायण माविका विद्यार्थीलाई पोशाक वितरण गरेको छ । विद्यालयका कक्षा ८ देखि १०सम्मका विद्यार्थीलाई रेडक्रस अभिमुखिकरणसँगै आधारभूत तहमा अध्ययनरत ३० जना विद्यार्थीलाई ट्र्याकसेट, टिसर्ट वितरण गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीको प्राविधिक सहयोगमा भएको कार्यक्रममा जिल्ला शाखाका प्रशिक्षक नवराज भण्डारीले रेडक्रसको अभियान, नेपाल रेडक्रस सोसाइटीको स्थापना र अवस्था, रेडक्रसमा जुनियर सर्कलको भूमिका, सर्कल गठन विधि साथै सर्कलमा उपसमिति गठनका विषयमा सहजीकरण गरे ।

रेडक्रस कास्कीका सभापति उर्मिला खड्का भण्डारीले विशेषगरी रेडक्रस अभियान संकटासन्नतामा परेका समुदायलाई लक्षित गरेर रेडक्रस अभियान सञ्चालन गरेको जानकारी दिइन् । उनले विद्यालयका जुनियर रेडक्रस सर्कल मार्फत् भएका गतिविधिले रेडक्रसको अभियानलाई गाउँ समुदायसम्म पुगको उल्लेख गरिन् ।

जुनियर रेडक्रस सर्कल पृथ्वीनारायण मावि धम्पुसका संरक्षक तथा प्राचार्य बुद्धि मिजारले संकटासन्न समुदाय तथा ग्रामीण क्षेत्रको विद्यार्थीलाई पोशाक सहयोग गरेकोमा आभार प्रकट गरे । उनले विद्यालयलाई रेडक्रस अभियानमा जोडेकोमा कास्की शाखालाई धन्यवाद दिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका सदस्य खगेन्द्रराज पराजुली, रेडक्रस सोसाइटी पोखरा २ र ३ उपशाखाका सभापति विन्दु शर्मा पराजुली, उपशाखाका सचिव गोविन्द पराजुली, माछापुच्छ्रे ७ का वडा सदस्य गायत्री भण्डारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यमबहादुर गुरुङ, सर्कलका शिक्षक नायक सञ्जयप्रसाद बराल, जुनियर रेडक्रस सर्कलका अध्यक्ष नवीन गुरुङ, नेपाल रेडक्रस सोसाइटी माछापुच्छ्रे ६, ७, ८, ९ उपशाखाका सचिव कृष्णप्रसाद चापागाई, उपशाखाका सदस्य सोममाया राई लगायतले रेडक्रस अभियानको बारेमा बोलेका थिए ।

# नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका विभिन्न समितिहरूको नमावली

लेखासमिति:

१) श्री तारानाथ आचार्य : संयोजक
२) श्री हिमबहादुर बस्नेत : सदस्य
३) श्री चन्द्रबहादुर सूवेदी : सदस्य
४) श्री सिता पाण्डे : सदस्य
५) श्री जीवन अधिकारी : सदस्य

समन्वयकर्ता र उपशाखाको नाम

| क्र.सं. | समन्वयकर्ताको नाम | उपशाखाको नाम |
|---|---|---|
| १ | श्री रमा न्यौपाने कोइराला | पोखरा- ११ (काहुँ) |
| | | पोखरा- २८ (माझठाना) |
| | | पोखरा- १९ (पुरन्चौर) |
| | | अन्नपूर्ण- ८- ११ (दाङसिङ- घान्द्रुक) |
| २ | श्री सुरेन्द्र गुरुङ | पोखरा- ४ |
| | | पोखरा- २,३ |
| | | पोखरा- १८ (सराङ्कोट) |
| ३ | श्री सन्तोष अधिकारी | पोखरा- १० |
| | | रुपा- ७ (हंसपुर) |
| | | अन्नपूर्ण- ६,७ (लुम्ले) |
| ४ | श्री मोहन सिंह खड्का | पोखरा- २९,३० (शिशुवा) |
| | | पोखरा- १२ |
| | | माछापुच्छ्रे- ३ (घाचोक) |
| ५ | डिल्लीराम बराल | पोखरा- २७ (अर्घौ) |
| | | पोखरा- ६ |
| | | माछापुच्छ्रे- १,२ (सार्दीखोला) |
| ६ | कालीदास सापकोटा | पोखरा- ९ |
| | | पोखरा- १४ |
| | | अन्नपूर्ण- ४,५ (सल्यान) |
| ७ | कमलप्रसाद पौडेल | अन्नपूर्ण-१,२,३ (ढिकुरपोखरी) |
| | | पोखरा- २० (भलाम) |
| | | माछापुच्छ्रे- ६,७,८, धिताल उपशाखा |
| ८ | खगेन्द्रराज पराजुली | पोखरा- २३ (चापाकोट) |
| | | पोखरा- ७ |
| | | रुपा- १,२ (थुम्की) |
| ९ | सुवास अधिकारी | पोखरा- २६ (राखी) |
| | | पोखरा- ३२ (तल्लोगगनगौंडा) |
| | | माछापुच्छ्रे- ४ (लाहाचोक) |
| १० | सूर्यप्रसाद तिमिल्सिना (पालुवा) | पोखरा- २१ (निर्मलपोखरी- कृस्ती) |
| | | पोखरा- २४ (कास्कीकोट) |
| | | मादी- ३,४,५,११ (थुमाकोडाँडा) |
| ११ | नवराज पौडेल | मादी- १,२ (नामार्जुङ) |
| | | रुपा- ६, रुपाकोट उपशाखा |
| | | पोखरा- १ |
| १२ | श्रीकान्त पौडेल | पोखरा- २२ (पुम्दीभुम्दी) |
| | | पोखरा- ३३ (भरतपोखरी) |
| | | रुपा- ३,४,५ (देउराली) |
| १३ | महेश्वर दवाडी | पोखरा- १६ (अर्मला) |
| | | पोखरा- ८ |
| | | माछापुच्छ्रे- ५ (रिभान) |
| १४ | वविता सुवेदी | पोखरा ५ |
| | | पोखरा- १७ |
| | | मादी- ६,७ (सिल्दुजुरे) |
| १५ | पार्वती कार्की | पोखरा- ३१ (बेगनास) |
| | | पोखरा- २५ (हेमजा) |
| | | मादी- ८,९,१०,१२ (मिजुरेडाँडा) |
| १६ | भगवती गुरुङ | पोखरा- १५ |
| | | पोखरा- १३ (आर्वा) |

गोदामघर निर्माण उपभोक्ता समिति:

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| ०१ | श्री ई.कालीदास सापकोटा | अध्यक्ष |

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| ०२ | श्री ववीता सुवेदी | उपाध्यक्ष |
| ०३ | श्री सुवास अधिकारी | सचिव |
| ०४ | श्री किरण गौतम | कोषाध्यक्ष |
| ०५ | श्री हरिप्रसाद बराल | सदस्य |
| ०६ | श्री चन्द्र सापकोटा | सदस्य |
| ०७ | श्री रमा त्रिपाठी | सदस्य |

गोदामघर निर्माण अनुगमन समिति:

| क्र.स. | नाम, थर |
|---|---|
| ०१ | श्री खगेन्द्रराज पराजुली |
| ०२. | श्री तीर्थराज अधिकारी |
| ०३. | श्री राधिका रेग्मी |
| ०४. | श्री रमेश बराल |
| ०५ | श्री प्रनिश ताम्राकार |
| ०६ | श्री पवित्रा के.सी. |

विपद् प्रतिकार्य समूह गठन सम्वन्धमा ।

परिचालन समिति :

| क्र.सं | पद | नाम/थर | सम्बन्धित समितिका संयोजकहरु |
|---|---|---|---|
| १) | संयोजक | उर्मिला खड्का भण्डारी | (सभापति) नेपाल रेडक्रस सोसाइटी, कास्की |
| २) | सदस्य | डण्डराज शर्मा | संयोजक, स्वास्थ्य समिति |
| ३) | सदस्य | रमा कोइराला न्यौपाने | संयोजक, लैङिक तथा सामाजिक समावेशीकरण समिति |
| ४) | सदस्य | सन्तोष अधिकारी | संयोजक, संगठन विकास समिति |
| ५) | सदस्य | मोहनसिंह खड्का | संयोजक, विपद् व्यवस्थापन समिति |
| ६) | सदस्य | कालिदास सपकोटा | संयोजक, सामुदायिक विकास समिति |
| ७) | सदस्य | डिल्लीराम वराल | संयोजक, जुनियर/युवा सर्कल समिति |
| ८) | सदस्य | कमल प्रसाद पौडेल | संयोजक, आर्थिक/स्रोत परिचालन समिति |
| ९) | सदस्य | सुवास अधिकारी | संयोजक, संचार तथा मानवीय मूल्य प्रवर्द्धन समिति |
| १०) | सदस्य | ववीता सुवेदी | संयोजक, प्राथमिक उपचार समिति |
| ११) | सदस्य | पार्वती कार्की | संयोजक, जनशक्ति तथा स्वंसेवक परिचालन समिति |
| १२ | सदस्य | कृष्ण प्रसाद कोइराला | कार्यालय प्रमुख, नेरेसो, कास्की |

पोखरा महानगरपालिका (१) पोखरा, (साविक)

१) टोली नेता : डिल्लीराम बराल
२) सदस्य : गणेश कोइराला
३) सदस्य : लक्ष्मण कोइराला
४) सदस्य : सूर्यप्रसाद तिमिल्सिना
५) सदस्य : रविन्द्र बराल
६) सदय : हरिलाल पौडेल
७) सदस्य : भिष्मा नेपाली
८) सदस्य : नारायण अधिकारी
९) सदस्य : सोममाया राई
१०) सदस्य : माधवप्रसाद पौडेल
११) सदस्य : रमा त्रिपाठी

पोखरा महानगरपालिका (२) लेखनाथ, (साविक)

१) टोली नेता : सन्तोष अधिकारी
२) सदस्य : रुपा के.शी
३) सदस्य : मित्रलाल सुवेदी
४) सदस्य : सर्मिला धमला
५) सदस्य : मिना सुवेदी
६) सदस्य : शिरिषा ढकाल
७) सदस्य : ज्योति रानामगर
८) सदस्य : प्रमिला बराल
९) सदस्य : रामहरि ढुङ्गाना

मादी गाऊँपालिका :

१) टोली नेता : कालिदास सापकोटा
२) सदस्य : खेमराज सापकोटा
३) सदस्य : सुवास सापकोटा
४) सदस्य : पशबहादुर बाँस्तोला
५) सदस्य : राजु अधिकारी

६) सदस्य : विजय गुरुङ
७) सदस्य : ओमप्रकाश गुरुङ
८) सदस्य : झलक पोखरेल
९) सदस्य : रामकृष्ण अधिकारी (मादि-२)

रुपा गाँऊपालिका :

१) टोली नेता : मोहन सिंह खड्का
२) सदस्य : दिपकनाथ भण्डारी
३) सदस्य : ज्योति कुमार श्रेष्ठ
४) सदस्य : तीर्थराज न्यौपाने
५) सदस्य : मोहमद मोहसिन मिया
६) सदस्य : कल्पना ज्ञवाली
७) सदस्य : सन्दीप सुवेदी
८) सदस्य : काशीराम घिमिरे
९) सदस्य : लिला वहादुर पाण्डे

माछापुच्छ्रे गाऊँपालिका :

१) टोली नेता : श्रीकान्त पौडेल
२) सदस्य : सुनिता पौडेल
३) सदस्य : रुद्र रानाभाट
४) सदस्य : ऋषि गौतम
५) सदस्य : सलिना परियार
६) सदस्य : संजय पौडेल
७) सदस्य : भगवती गुरुङ
८) सदस्य : कमलबहादुर भुजेल
९) सदस्य : टेकराज आचार्य

अन्नपूर्ण गाऊँपालिका :
१) टोली नेता : नवराज भण्डारी
२) सदस्य : विष्णुकुमार श्रेष्ठ
३) सदस्य : हेममाया तामाङ
४) सदस्य : लीला अधिकारी देवकोटा
५) सदस्य : मिना गुरुङ
६) सदस्य : तुलसी दाहाल
७) सदस्य : नारायण प्रसाद भण्डारी
८) सदस्य: : हरि के.सी.
९) सदस्य : हरिमाया के.सी.

**बिषयगत समितिहरुको नामावली विवरण** (२०८१-२०८३)

०१. संगठन विकास समिति

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री सन्तोष अधिकारी | संयोजक |
| २ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ३ | श्री रामचन्द्र सापकोटा | सदस्य |
| ४ | श्री पसबहादुर बाास्तोला | सदस्य |
| ५ | श्री सोमनाथ पौडेल | सदस्य |
| ६ | श्री परशुराम बराल | सदस्य |
| ७ | श्री शशिकला बराल | सदस्य |
| ८ | श्री सूर्यप्रसाद आचार्य | सदस्य |
| ९ | श्री कृष्णप्रसाद कोइराला | सदस्य सचिव |

०२. आर्थिक तथा स्रोत परिचालन समिति:

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री कमलप्रसाद पौडेल | संयोजक |
| २ | श्री नवराज पौडेल | सहसंयोजक |
| ३ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ४ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ५ | श्री प्रेम बसौला | सदस्य |
| ६ | श्री चिरञ्जिवी अधिकारी | सदस्य |
| ७ | श्री सर्वेस कोइराला | सदस्य |
| ८ | श्री शिवबहादुर वानिया | सदस्य |
| ९ | श्री झपिन्द्रराज रेग्मी | सदस्य |
| १० | श्री होमनाथ आचार्य | सदस्य |
| ११ | श्री वीरबहादुर थापा | सदस्य |
| १२ | श्री मथुराप्रसाद पौडेल | सदस्य |
| १३ | श्री उत्तम जोशी | सदस्य |
| १४ | श्री पवित्रा गुरुङ | सदस्य |
| १५ | श्री रामहरि ढुंगाना | सदस्य |
| १६ | श्री गणेशप्रसाद कोइराला | सदस्य सचिव |

०३.स्वास्थ्य सेवा समिति

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री डण्डराज शर्मा पौडेल | संयोजक |
| २ | श्री खगेन्द्रराज पराजुली | सहसंयोजक |

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| ३ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ४ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ५ | श्री प्रा.डा. विष्णुराज तिवारी | सदस्य |
| ६ | श्री विनोद कोइराला | सदस्य |
| ७ | श्री बालकृष्ण शर्मा | सदस्य |
| ८ | श्री दीपेन्द्र श्रेष्ठ | सदस्य |
| ९ | श्री हरिश्चद्र शर्मा | सदस्य |
| १० | श्री नवराज अधिकारी | सदस्य |
| ११ | श्री दीपेन्द्र अधिकारी | सदस्य |
| १२ | श्री दिनेशबाबु खड्का | सदस्य |
| १३ | श्री सावित्री खड्का | सदस्य |
| १४ | श्री श्याम सुन्दर आचार्य | सदस्य |
| १५ | श्री अर्जुन ज्ञवाली | सदस्य सचिव |

०४. विपद् व्यवस्थापन समिति: :

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री मोहनसिंह खड्का | संयोजक |
| २ | श्री महेश्वर दवाडी | सहसंयोजक |
| ३ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ४ | श्री पदम पहारी | सदस्य |
| ५ | श्री गोविन्द काफ्ले | सदस्य |
| ६ | श्री ज्योतिकुमार श्रेष्ठ | सदस्य |
| ७ | श्री ऋषि गौतम | सदस्य |
| ८ | श्री रुपा के.सी. | सदस्य |
| ९ | श्री दानबहादुर गूरुङ | सदस्य |
| १० | श्री ज्ञानबहादुर कार्की | सदस्य |
| ११ | श्री पुरुषोत्तम लामिछाने | सदस्य |
| १२ | श्री कृष्णप्रसाद तिमिल्सिना | सदस्य |
| १३ | श्री नवराज भण्डारी | सदस्य सचिव |

०५. लैङ्गिक तथा सामाजिक समावेशीकरण समिति:

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री रमा न्यौपाने कोइराला | संयोजक |
| २ | श्री भगवती गुरुङ | सहसंयोजक |
| ३ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ४ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ५ | श्री विद्या अधिकारी | सदस्य |
| ६ | श्री कमला गिरी | सदस्य |
| ७ | श्री प्रभा भुजेल | सदस्य |
| ८ | श्री राधा बराल अधिकारी | सदस्य |
| ९ | श्री विमला थापा बस्नेत | सदस्य |
| १० | श्री तारा अधिकारी | सदस्य |
| ११ | श्री रक्षा भट्टराई | सदस्य |
| १२ | श्री कमला दवाडी | सदस्य |
| १३ | श्री सरु अधिकारी | सदस्य |
| १४ | श्री सृजना बास्तोला | सदस्य सचिव |

०६. सञ्चार तथा मानवीय मूल्य प्रवर्द्धन समिति

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री सुवास अधिकारी | संयोजक |
| २ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ३ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ४ | श्री किसान परियार | सदस्य |
| ५ | श्री श्याम कुँवर | सदस्य |
| ६ | श्री राजाराम पौडेल | सदस्य |
| ७ | श्री सुसन घिमिरे | सदस्य |
| ८ | श्री कृष्णप्रसाद पौडेल | सदस्य |
| ९ | श्री रविना अर्याल | सदस्य |
| १० | श्री सविन जि.सी. | सदस्य |
| ११ | श्री प्रकाशचन्द्र अधिकारी | सदस्य |
| १२ | श्री विष्णु श्रेष्ठ | सदस्य |
| १३ | श्री दामोदर बराल | सदस्य |
| १४ | श्री विन्दु भण्डारी | सदस्य |
| १५ | श्री गणेशप्रसाद कोइराला | सदस्य सचिव |

०७. जुनियर युवा समिति:

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री डिल्लीराम बराल | संयोजक |
| २ | श्री श्रीकान्त पौडेल | सहसंयोजक |
| ३ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ४ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ५ | श्री कीर्तिराज ढकाल | सदस्य |
| ६ | श्री सुविन तिमिल्सिना | सदस्य |

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| ७ | श्री युवराज सुवेदी | सदस्य |
| ८ | श्री रामचन्द्र अधिकारी | सदस्य |
| ९ | श्री मोहम्मद महसिन मिया | सदस्य |
| १० | श्री कृष्णप्रसाद चापागाई | सदस्य |
| ११ | श्री श्रीराम गौतम | सदस्य |
| १२ | श्री महेन्द्र ढुंगाना | सदस्य |
| १३ | श्री टंकराज बराल | शिक्षा विकास तथा समन्वय इकाई प्रतिनिधि, कास्की |
| १४ | श्री अम्बिका अधिकारी | सदस्य |
| १५ | श्री आसिमा भण्डारी | सदस्य |
| १६ | श्री शर्मिला बराल सापकोटा | सदस्य |
| १७ | श्री गणेशप्रसाद कोइराला | सदस्य सचिव |

८. सामुदायिक विकास समिति:

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री कालिदास सापकोटा | संयोजक |
| २ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ३ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ४ | श्री प्रेम कुँवर | सदस्य |
| ५ | श्री नेत्रप्रसाद तिमिल्सिना | सदस्य |
| ६ | श्री प्रमिला बराल | सदस्य |
| ७ | श्री बलराम तिमिल्सिना | सदस्य |
| ८ | श्री द्रोणराज महत | सदस्य |
| ९ | श्री राजु अधिकारी | सदस्य |
| १० | श्री दिनवन्धु पौडेल | सदस्य |
| ११ | श्री चेतनारायण सुवेदी | सदस्य |
| १२ | श्री कल्पना ज्ञवाली | सदस्य सचिव |

९. प्राथमिक उपचार समिति:

| क्र.सं. | नाथ,थर | पद |
|---|---|---|
| १ | श्री वविता सुवेदी | संयोजक |
| २ | श्री सूर्यप्रसाद तिमिल्सिना पालुवा | सहसंयोजक |
| ३ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ४ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ५ | श्री विष्णु भण्डारी | सदस्य |
| ६ | श्री कल्पना अधिकारी | सदस्य |
| ७ | श्री सूर्यप्रसाद तिमिल्सिना | सदस्य |
| ८ | श्री लिला देवकोटा | सदस्य |
| ९ | श्री मित्रलाल सुवेदी | सदस्य |
| १० | श्री गणेश भण्डारी | सदस्य |
| ११ | श्री सोममाया राई | सदस्य |
| १२ | श्री उमिता घमाल | सदस्य |
| १३ | श्री हेममाया तामाङ | सदस्य |
| १४ | श्री नवराज भण्डारी | सदस्य सचिव |

१०. जनशक्ति विकास तथा स्वयंसेवक परिचालन समिति:

| क्र.सं. | नाथ,थर | पद |
|---|---|---|
| १ | श्री पार्वती कार्की | संयोजक |
| २ | श्री सन्तोष अधिकारी | पदेन सदस्य |
| ३ | श्री मोहनसिंह खड्का | पदेन सदस्य |
| ४ | श्री कुष्मराज आचार्य | सदस्य |
| ५ | श्री भिष्मा नेपाली | सदस्य |
| ६ | श्री भुवन श्रेष्ठ | सदस्य |
| ७ | श्री चन्द्रकान्त अधिकारी | सदस्य |
| ८ | श्री चन्द्रप्रसाद सापकोटा | सदस्य |
| ९ | श्री विश्वज्योति सुवेदी | सदस्य |
| १० | श्री हरिश्चन्द्र ढुंगाना | सदस्य |
| ११ | श्री टेकमाया आचार्य | सदस्य |
| १२ | श्री मिनबहादुर थापा | सदस्य |
| १३ | श्री सविता भण्डारी | सदस्य |
| १४ | श्री हरि के.सी. | सदस्य |
| १५ | श्री कृष्णप्रसाद कोइराला | सदस्य सचिव |

# नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित एम्बुलेन्स सेवा

बिरामीहरुको जीवन रक्षाका लागि तत्काल अस्पतालसम्म पुऱ्याउन कास्की शाखाले एम्बुलेन्स सेवा सञ्चालन गरेको छ ।

| क्र.सं. | महिना | छोटो दूरी | लामो दूरी | उद्धार तथा अन्य सेवा | जम्मा |
|---|---|---|---|---|---|
| १. | वैशाख | ३६ | ३ | ३ | ४२ जना |
| २. | जेष्ठ | ३७ | ३ | - | ४० जना |
| ३. | असार | ३४ | १ | - | ३५ जना |

# रक्त सङ्कलन र वितरण

नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशिक रक्तसञ्चार सेवा पोखराले नियमित रुपमा विभिन्न रक्तदाता संघसंस्था व्यक्तिहरुको सहभागितामा रक्तदान कार्यक्रमहरुको आयोजना गरी रगत सङ्कलन गर्दै आएको छ । वार्षिक रक्तदान क्यालेण्डर अनुसार संस्थाहरुसँग समन्वय गरी रक्त अभाव हुँदा आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरी रक्त आपूर्ति गरी तत्काल बिरामीहरुलाई डाक्टरको सिफारिस अनुसार परीक्षण गरी शुद्ध रगत आपूर्ति गरिएको छ। २०८२ वैशाख देखि २०८२ असार मसान्तसम्म रक्तदान गर्ने संघसंस्थाहरुको नामावली रक्तदान युनिट संख्या निम्नानुसार रहेको छ ।

## वैशाख २०८२

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| लायन्स क्लव अफ पोखरा मिड टाउन | ४४ |
| युनाइटेड क्लव, पोखरा १० | ४६ |
| मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १६ | १०१ |
| लेखनाथ ख्रीष्टियन सोसाइटी | ४७ |
| सिटिजन्स बैकं इन्टरनेसनल लिमिटेड, पोखरा ८ | २४ |
| लेखनाथ नेवा खलः लेखनाथ | २६ |
| सृजनशील क्लव, पोखरा २२ | ३६ |
| सुरक्षा पालुवा बचत तथा ऋण सहकारी संस्था लि | ४२ |
| निसीखोला बाग्लुङ सम्पर्क सामाज | २२ |
| नेपाल निजामति कर्मचारी संगठन | ३८ |
| नेपाल ख्रीष्टिय रामघाट मण्डली, | ४३ |
| ने रे सो स्याङ्जा ब्लड बैंक | ४७ |
| श्री सत्य साई केन्द्र पोखरा, पोखरा २ | ६४ |
| घारीकुलो बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १६ | २६ |
| सन्त निरंकारी मण्डल पोखरा, पोखरा १९ | २३ |
| गण्डकी मिजार समाज, पोखरा २६ | ५० |
| अखिल नेपाल स्वास्थ्य श्रमिक संघ, कास्की | ८१ |
| कर्मचारी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ५ | १९ |
| क्षेत्री महिला समाज नेपाल, पोखरा ८ | ४६ |
| नेपाल लाइफ इन्स्योरेन्स, पोखरा ९ | ५१ |
| सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि, तनहु | २२ |
| युवा वौद्ध संघ धर्मशिला वद्ध विहार, पोखरा ३ | ३२ |
| गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस र नेपाल युवा रेडक्रस समिति | ३८ |
| ने रे सो म्गदी ब्लड बैक | २९ |
| रतन पाण्डे बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १८ | ७ |
| सर्वहित बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १८ | ४७ |
| नेपाल स्वयंसेवी रक्तदाता समाज, हेमजा | १०४ |
| सर्वेश्वर बचत तथा ऋण सहकारी संस्था लि, पोखरा २७ | ३१ |
| निर्माण व्यवसायी समिति, पोखरा १० | ८५ |
| तीन गाउँले थकाली सेवा समाज, पोखरा ७ | ३२ |
| लायन्स क्लव अफ पोखरा लेकसिटी | ४० |
| चरक मेमोरियल हस्पिटल, पोखरा ८ | २२ |
| नेपाल बीमा प्राधिकरण, पोखरा १० | ८४ |
| कोटी होम, पोखरा १७ | २२९ |
| लायन्स क्लव अफ पोखरा मर्दी हिमाल | २० |
| शान्तिदीपअभियानद्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | १६ |

## जेठ २०८२

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| फेवासिटी अस्पताल प्रा. लि. | ४७ |
| पर्वत ब्लड बैंक | ३३ |
| नवा सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ५१ |
| तमु धिँ नेपाल केन्द्रीय युवा समिति | ६५ |
| महालक्ष्मी विकास बैंक लिमिटेड | ४४ |
| डाँफे बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३९ |
| साइन | ६५ |
| कृष्ण भुजेल स्मृति प्रतिष्ठान | ६६ |
| धिताल पोखरा सम्पर्क समाज | ४२ |
| डिभाइन युथ क्लब नेपाल | ४९ |

| | |
|---|---|
| प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला गण्डकी प्रदेश पोखरा नेपाल | ४१ |
| उन्नति बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३५ |
| नेपाल रेडक्रस सोसाइटी ढोरफिर्दी उपशाखा | ३५ |
| सार्दीखोला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ६१ |
| श्री जुर्येभूमि युवा क्लब | ५६ |
| पोखरा प्लाष्टिक व्यवसायी समिति | ५० |
| हाम्रो सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४० |
| गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र | २०४ |
| पहिलो पाइला नेपाल | ३९ |
| आदर्श समाज | २८ |
| मेडिप्लस अस्पताल एण्ड ट्रमा सेन्टर / लायन्स क्लब अफ पोखरा डेस्टिनेसन | ३१ |
| सशस्त्र प्रहरी बल नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की | ५८ |
| अन्नपूर्ण मिजार समाज | ३९ |
| अधिकारी समाज कास्की एकाइ समिति | ६० |
| नेपाल स्वयंसेवी रक्तदाता समाज कास्की | २९ |
| कोटी होम | ६७३ |
| लायन्स क्लब अफ पोखरा मर्दी हिमाल | १३ |
| शान्तिदिप अभियानद्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | २६ |

## असार २०८२

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्था लिमिटेड | ६४ |
| श्री दादुवा दुर्चा लमजुङ पोखरा तमु सम्पर्क समाज | १७ |
| इजी ग्रुप (Easy group) | ६२ |
| कञ्चन क्यापिटल प्रा.लि. | ६१ |
| Poor patient's fund (मणिपाल अस्पताल) | ५४ |
| स्याङ्जा ब्लड बैंक | ५१ |
| नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, गण्डकी प्रदेश | ६० |
| एसओएस बालग्राम गण्डकी | ७७ |
| गुरुकुल विद्यासदन माध्यमिक विद्यालय | ४६ |
| सराङकोट माउन्टेन रिसोर्ट एण्ड स्पा | २३ |
| पोखरा नगर रेस्टुरेन्ट एण्ड बार संघ | २६ |
| शान्ति मार्ग टोल विकास संस्था | ३४ |
| म्याग्दी ब्लड बैंक | ३७ |
| घार म्याग्दी पोखरा समाज | ४९ |
| पाल्पाली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ७१ |
| श्री बिहानी बचत तथा ऋण सहकारी संस्था | २९ |
| जनप्रकाश बहुमुखी क्याम्पस | ५२ |
| नेपाल रेडक्रस सोसाइटी पोखरा-१२ उपशाखा | ५० |
| कलवार युवा समिति | ६२ |
| धादिङ पोखरा सम्पर्क समाज | १०१ |
| MCGI संस्था | ८ |
| नेपाल एसबीआई बैंक लिमिटेड | ८१ |
| श्री गगनकालिका सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | ४२ |
| लुम्बिनी विकास बैंक लिमिटेड | ८४ |
| अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन पश्चिमाञ्चल क्याम्पस, | ६९ |
| नेपाल मोबाइल व्यवसायी महासंघ | ३३ |
| सल्यानी समिति, कास्की | ४२ |
| लायन्स क्लब अफ पोखरा ग्रीन हिल | १९ |
| डेभिस फल्स सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | ३१ |
| होटल पोखरा ग्राण्ड | ५३ |
| लायन्स क्लब अफ पोखरा मर्दी हिमाल | १० |
| शान्तिदीप अभियान द्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | २८ |


# नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा

पोखरा महानगरपालिका-८, सिर्जनाचोक

फोन : ०६१-५७०३४७, ५७१७६२, E-mail: nrcskaski@gmail.com, kaskidc.nrcskaski.org, Website: www.nrcskaski.org

**प्रादेशिक रक्त सञ्चार तथा एम्बुलेन्स सेवा**

फोन : ०६१-५७१०९१, ५४३१९१, E-mail: rbts21091@gmail.com